


## रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हरमटार, कुभिण्डे, खोटाङ


Email: info@rawabesimun.gov.np,rawabesigaupalika@gmail.com

Website: rawabesimun.gov.np


आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति कार्यक्रम तथा बजेट

स्वीकृत मितिः २०८०/०३/१०

''रावा बेसी गाउँपालिकावासी जनताको कामनाः समृद्ध, शान्त र हराभरा गाउँपालिकाको चाहाना''

## आर्थिक वर्ष २०८०।०८१ को
# वार्षिक नीति कार्यक्रम तथा बजेट



## रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हरमटार कुभिण्डे, खोटाङ



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली।
सार्वभौम भई फैलिएका मेची महाकाली।।

प्रकृतीका कोटीकोटी सम्पदाको आँचल।
वीरहरुका रगतले स्वतन्त्र र अटल।।

ज्ञानभूमि, शान्तीभूमि तराई पहाड हिमाल।
अखण्ड यो प्यारो हाम्रो मातृ भूमि नेपाल।।

बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।।

# रावा बेसी गाउँपालिकाको

## प्रशासनिक/भौगोलिक नक्सा



स्वीकृत मितिः २०८०।०३।१०

## आर्थिक वर्ष २०८०/०८१

# वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका

## रावा बेसी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हरमटार कुभिण्डे, खोटाङ

कोशी प्रदेश, नेपाल

**संरक्षकः**
श्री फटिक कुमार श्रेष्ठ (अध्यक्ष)
श्री कौशिला कुमारी गुरुङ (उपाध्यक्ष)
श्री दिनेश कुमार राई (प्रमुख प्रशासकीय अधिकृत)

**सल्लाहकारः**
श्री गेहेन्द्रमान राई (१ नं. वडा अध्यक्ष)
श्री डोलराज बस्नेत (२ नं. वडा अध्यक्ष)
श्री विरेन्द्र मगर (३ नं. वडा अध्यक्ष)
श्री ज्ञान बहादुर पाण्डे (४ नं. वडा अध्यक्ष)
श्री मन कुमार गुरुङ (५ नं. वडा अध्यक्ष)
श्री चिरन्जीवी कार्की (६ नं. वडा अध्यक्ष)

**सम्पादक मण्डलः**
श्री विनोद राई (अधिकृत छैटौं)
श्री बिशाल कुमार कार्की (अधिकृत छैटौं)
श्री राम बहादुर मगर (लेखा अधिकृत)
श्री नर बहादुर श्रेष्ठ (कम्प्यूटर अपरेटर)

**भाषा तथा शुद्धताः**
श्री विनोद राई (अधिकृत छैटौं)
श्री गिर बहादुर मगर (एम.आई.एस.अपरेटर)

**कम्प्यूटर सेटिङ तथा डिजाईनः**
श्री गिर बहादुर मगर (एम.आई.एस.अपरेटर)

**सर्वाधिकारः**
©प्रकाशकमा सुरक्षित

**प्रकाशकः**
रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, हरमटार, खोटाङ
**इमेलः** info@rawabesimun.gov.np
rawabesigaupalika@gmail.com
**वेभसाईटः** rawabesimun.gov.np

**प्रकाशन वर्षः**
२०८०

**प्रकाशन प्रतिः**
२०० प्रति

**मुद्रणः**
साईनिङ ट्रेड प्रा.लि., काठमाडौं

# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरमटार, कुभिण्डे, खोटाङ
स्था-२०७३
**कोशी प्रदेश, नेपाल**

## कार्यपालिका सदस्यहरुको नामावली:



फटिक कुमार श्रेष्ठ
गाउँपालिका अध्यक्ष
९८५२८५५१११/९८६२७४२६००



कौशिला कुमारी गुरुङ
गाउँपालिका उपाध्यक्ष
९८५२८५६१११/९८४२१३८४११



गेहेन्द्रमान राई
१ नं. वडा अध्यक्ष
९८५२८४९८७६



डोलराज बस्नेत
२ नं. वडा अध्यक्ष
९८६२६९६७३६



बिरेन्द्र मगर
३ नं. वडा अध्यक्ष
९८५२८४९२४०



ज्ञान बहादुर पाण्डे
४ नं. वडा अध्यक्ष
९८५२८४९६१६



मन कुमार गुरुङ
५ नं. वडा अध्यक्ष
९८४५६३२६३३



चिरन्जीबी कार्की
६ नं. वडा अध्यक्ष
९८६९२९०००३



गोमा पाण्डे
कार्यपालिका सदस्य
९७४९९१५८६१



धनिरा गुरुङ
कार्यपालिका सदस्य
९७४९९१५८६१



सिर्जना राई
कार्यपालिका सदस्य
९७४२९३२६२८



गोविन्द बहादुर भुजेल
कार्यपालिका सदस्य
९८१०३८१११०



दिपक विश्वकर्मा
कार्यपालिका सदस्य
९८६२८६७२१३



दिनेश कुमार राई
प्रमुख प्रशासकीय अधिकृत
९८५२८५७१११

# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**हरमटार, कुभिण्डे, खोटाङ**
**स्था-२०७३**
**कोशी प्रदेश, नेपाल**

## गाउँपालिका अध्यक्षको मन्तव्य



नेपालमा भएको राजनैतिक परिवर्तनले आम नागरिकको हरेक पक्षमा नवीनतम चिन्तन र चासोलाई प्रस्फुटित गरेको छ ।७७ जिल्ला मध्येको पूर्वी पहाडी जिल्ला खोटाङको १० वटा स्थानीय तह मध्ये रावा बेसी गाउँपालिका एउटा छुट्टै इतिहास र पहिचान बोकेको गाउँपालिका हो ९७.४४ वर्ग कि.मि. मा फैलिएको यस गाउँपालिका साविकका ६ वटा गाउँ विकास समितिबाट हाल ६ वटा वडाहरुको संयोजन भई रावा बेसी गाउँपालिकाको स्थापना भएको हो । नाम र केन्द्रको विषयमा लामो समयसम्म कानूनी अल्झनमा रहेको यस गाउँपालिकाको नाम रावा बेसी र केन्द्र कुभिण्डे हरमटारमा रहने गरी सम्मानित सर्वोच्च अदालतको मिति २०८० जेष्ठ २२ गतेको फैसलाले यस गाउँपालिकाको नाम र केन्द्रले स्थायी एवम् कानूनी मान्यता प्राप्त गरेको छ।

नेपालको संविधान, २०७२ घोषणा भए पश्चात स्थानीय तहको पहिलो र दोस्रो निर्वाचन समाप्त भईसकेको छ।निर्वाचनको दोस्रो कार्यकालबाट यहाँहरुको अमूल्य मत र विश्वासकासाथ यस गाउँपालिकाको सर्वाङ्गिण दिगो विकासको आधारलाई हातेमालो गर्ने अवसर प्रदान गरिदिनुहुने सम्पूर्ण गाउँपालिकावासी जनताहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । "रावा बेसी गाउँपालिकावासी जनताको कामनाः समृद्ध, शान्त र हराभरा गाउँपालिकाको चाहना" भन्ने मूल ध्येयका साथ समृद्ध रावा बेसी गाउँपालिका निर्माण अभियानलाई काँधमा काँध राखी दोस्रो कार्यकालको प्रथम आर्थिक वर्ष २०७९/०८० बजेट कार्यान्वयन गरी चालु आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट गाउँपालिका समक्ष ल्याउन सफल भएका छौं।

संघीयताको सफल कार्यान्वयनसँगै नागरिकको सबैभन्दा नजिकको सरकारबाट प्रदान गरिएको सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, कानून तथा योजना बनाउने र कार्यान्वयन गर्ने काम स्थानीय स्तरमै हुने भएकाले रावा बेसी गाउँपालिकामा समग्र विकासमा सर्वसाधारणले नै महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरु शुरु भएका छन् । गत आर्थिक वर्षमा यस गाउँपालिकाको विद्यमान पूर्वाधारको अवस्थालाई मध्यनजर गर्दै सडक तथा संस्थागत पूर्वाधारहरुलाई विशेष जोड दिई योजना कार्यान्वयन गरियो । चालु आर्थिक वर्षमा भौतिक पूर्वाधारको विकासको साथसाथै गाउँपालिकाको दिगो समुन्नतीका सम्भावित क्षेत्रहरु पहिचान गर्दै कृषि, पूर्वाधार विकास, समावेशी विकास र शिक्षा, स्वास्थ्य, प्रविधि लगायतका विषयगत क्षेत्रहरुलाई समेत प्राथमिकतामा राखिएको छ । समग्र रावा बेसीको गुरु योजना बनाई दीर्घकालीन विकासको लक्ष्य पूरा गर्न प्रविधि र सेवाग्राही मैत्री गाउँ नै हाम्रो अभिष्ट हो।नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढंगबाट सेवाप्रवाहमा प्रत्याभूति गरेर जनमुखी लोकतन्त्रलाई सुदृढ गर्दै भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन हाम्रो लक्ष्य हो।

**अन्त्यमा,** यो बजेट तर्जुमाको सिलसिलामा निरन्तर साथ सहयोग समन्वय गर्नु हुने कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, गाउँपालिकावासी बुद्धिजीवी वर्गहरु, विभिन्न राजनीतिक दल, नागरिक समाज, पत्रकार लागयत यस गाउँपालिकाको समृद्धिमा चासो र सरोकार राख्नुहुने सबै सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यस पुस्तक प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण विषयगत शाखाका कर्मचारी मित्रहरु प्रति आभार व्यक्त गर्न चाहान्छु।

धन्यवाद !!

**फटिक कुमार श्रेष्ठ**
**अध्यक्ष**

# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, कुभिण्डे, खोटाङ
स्था-२०७३
कोशी प्रदेश, नेपाल

## गाउँपालिका उपाध्यक्षको भनाइ



संघीय शासन व्यवस्था प्रारम्भ भए पश्चात सिंहदरबारबाट केन्द्रित अधिकारलाई विकेन्द्रिकरण गर्दै नागरिकको घरदैलोबाटै सेवा उपलब्ध गराउने उद्धेश्यले लोकतान्त्रिक र गणतन्त्रात्मक संघीय शासन व्यवस्था निर्माण गरिएको छ । खोटाङ जिल्लाको १० वटा स्थानीय तह मध्ये रावा बेसी गाउँपालिका विविध धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिकोणले सम्भावना बोकेको गाउँपालिका हो । यस गाउँपालिकाको भूगोलमा विभिन्न विकासका आयोजनाहरु सुरु भइसकेका छन्।

चालु आर्थिक वर्ष २०८०/०८१ को योजना तथा कार्यक्रममा पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वन वातावरण तथा विपद् व्यवस्थापन जस्ता विषयहरलाई प्राथमिकता दिई बजेट विनियोजन गरी वडा स्तरलाई सवल बनाउने नीति लिएका छौं।

बजेट निर्माण जत्तिकै यसको सफल कार्यान्वयन चुनौतिपूर्ण कार्य हो । यस आर्थिक वर्षमा योजना सञ्चालनमा सहजीकरण र समयमा कार्य सम्पन्न गर्ने ध्येयका साथ कार्ययोजना तयार गरेका छौं । यसबाट गाउँपालिकाले लक्ष्य लिएका नीति तथा कार्यक्रमहरु तोकिएको समयमा गुणस्तर र लागतमा नै सम्पन्न भई विकासले अपेक्षित गति लिने कुरामा आशावादी हुन सकिन्छ । सुशासन, विकास र समृद्धिको यात्रामा जनतालाई मेलमिलापका माध्यमबाट न्याय दिलाउने गरी बजेट नीति तथा कार्यक्रम निर्माण गरेका छौं।

अन्त्यमा, बजेट नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्याउनुहुने सबैमा हार्दिक धन्यवाद सहित गाउँपालिकाको तेह्रौं गाउँसभाले पारित गरेका बजेट, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि सबैको सकारात्मक सहयोग र साथको अपेक्षा राख्दै गाउँसभा सम्पन्न गर्न सहयोग गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, विभिन्न राजनितिक दलका प्रतिनिधि ज्यूहरु, नागरिक समाज, बुद्धिजिवी वर्गहरु, कर्मचारी, सञ्चारकर्मी र सम्पूर्ण गाउँपालिकावासीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

धन्यवाद !!

कौशिला कुमारी गुरुङ
उपाध्यक्ष

# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरमटार, कुभिण्डे, खोटाङ
स्था-२०७३
कोशी प्रदेश, नेपाल

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ



नेपालको संविधान, २०७२ जारी भएपछि शासकीय स्वरुपलाई परिवर्तन गरी स्थानीय तहसम्म पुर्याएर प्रत्येक नागरिकलाई स्वशासनको अधिकारको सुनिश्चितता गर्ने गरी स्थानीय सरकारको रुपमा गठन भएको यस गाउँपालिकाले तेह्रौ पटक वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ । प्रस्तुत बजेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानून, नीति, निर्णय तथा बजेट तर्जुमा कार्यविधि, २०७४ मा भएको व्यवस्था तथा मापदण्ड बमोजिम तयार गरिएको छ।

विगतका अनुभव, नेपाल सरकारको निर्देशन, परिपत्र तथा कार्यविधि मापदण्डको आधारमा योजना तर्जुमा गरी आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गरिने आवधिक तथा बहुवर्षीय योजनाहरुलाई प्राथमिकतामा राखी योजना छनौट गरिएको छ । यसै गरी शिक्षा, स्वास्थ्य, कृषि, पशु तथा भौतिक पूर्वाधारका लागि कार्यक्रमहरु समावेश गरिएका छन् । यस तेह्रौं गाउँसभाको बजेटमा गाउँपालिकावासीहरुको ईच्छा, आकांक्षा, आवश्यकता तथा चाहना बमोजिमको लोकतान्त्रिक विधिबाट गाउँसभा पारित गरी यस चालु आर्थिक वर्षको वार्षिक बजेट, नीति, कार्यक्रम आम गाउँपालिकावासीहरुको जानकारीका लागि यस पुस्तक मार्फत प्रकाशन गरिएको छ। नेपाली जनताको वीरतापूर्ण सङ्घर्षको इतिहाससँगै लोकतान्त्रिक आन्दोलन मार्फत जनताबाट चुनिएर आएका जनप्रतिनिधि र प्रशासनबीच समन्वय र सहकार्य गर्दै गाउँपालिकावासीहरुको प्राप्त अमूल्य सुझावहरुलाई अनुशरण गर्दै समग्र गाउँपालिकावासीहरुको चाहाना र इच्छा अनुरुप विकासका लहरहरु क्रमशः अघि बढाउनु जरुरी छ । यस तेह्रौं गाउँसभामा प्रस्तुत भएको यो बजेट गाउँपालिकावासीहरुको अपेक्षा अनुसार कार्यान्वयमा ल्याउन म र मेरो प्रशासनिक टिम हरदम प्रयासरत रहने छ भन्ने दृढ विश्वास दिलाउन चाहान्छु।

**अन्तमा,** गाउँसभा निर्धारित समयमा नै सम्पन्न गर्न सक्रियताकापूर्वक लाग्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, राजनैतिक दल, नागरिक समाज लगायत यस गाउँपालिकाका सम्पूर्ण कर्मचारी संयन्त्रमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

धन्यवाद !!

**दिनेश कुमार राई**
**प्रमुख प्रशासकीय अधिकृत**

# रावा बेसी गाउँपालिका
# १ नं. वडा कार्यालय
## कुभिण्डे, खोटाङ

## वडा अध्यक्षको भनाइ



संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपालको संविधान, २०७२ जारी भए पश्चात भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट आफ्नो अमूल्य मत र विश्वासका साथ मलाई वडा अध्यक्षमा निर्वाचित गराउनु हुने आम कुभिण्डेवासी आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु समक्ष म कृतज्ञता व्यक्त गर्नु चाहान्छु । यहाँहरुको अमूल्य मतलाई शिरोपर गर्दै यहाँहरुको ठोस सल्लाह र सुझावको समेत पूर्ण अपेक्षा गर्दछु ।

रावा बेसी गाउँपालिकाको तेह्रौं गाउँसभाबाट पारित वार्षिक बजेट तथा निति, कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । गाउँपालिका तथा वडाको हरेक गतिविधिमा नागरिक सुसुचित हुनु पर्दछ भन्ने यस पुस्तक प्रकाशनको मूल उद्देश्य हो । यस पुस्तकमा चालु आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालन हुने गाउँपालिका तथा वडाको समग्र आर्थिक गतिविधिहरु समावेश गरिएको छ । जसमा यहाँहरुको टोल बस्तीहरमा योजना छनौटको माध्यमबाट सङ्कलन गरिएका कार्यक्रमहरुलाई सकेसम्म वैज्ञानिक तथा आवश्यकीय दृष्टिकोणले प्राथमिकताको आधारमा बजेटको परिधिमा रहेर योजना समावेश गर्ने प्रयास गरेका छौं । सिमित बजेट असिमित आवश्यकता र आभावमा विकासको गतिलाई अघि बढाउन चुनौतिपूर्ण कार्य हो । यही चुनौतिलाई रावा बेसी गाउँपालिकाले पनि सामना गरिरहनु परेको अवस्था छ । विकास क्रमिक तथा गतिशील रहने भएकोले यहाँहरुको माग अनुसारको योजना तथा कार्यक्रमहरु यसै चालु आर्थिक वर्षमा सम्बोधन हुन नसकेता पनि क्रमिक रुपमा समावेश हुँदै जाने कुरा यहाँहरु समक्ष विश्वास दिलाउन चाहान्छु ।

**अन्त्यमा,** आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालन हुने विभिन्न कार्यक्रम तथा योजनाको विवरण संकलन गर्न सहयोग गर्नु हुने आम गाउँपालिका तथा कुभिण्डेवासी नागरिकहरुमा आभार व्यक्त गर्दै यस तेह्रौं गाउँसभा सम्पन्न गर्ने कार्यमा सहयोग पुर्याउनु हुने कर्मचारी, सञ्चारकर्मी तथा बुद्धिजीवी वर्गहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु ।

**गेहेन्द्रमान राई**
**वडा अध्यक्ष**
**आर्थिक विकास समिति संयोजक**
**रावा बेसी गाउँपालिका**

# रावा बेसी गाउँपालिका
# २ नं. वडा कार्यालय
## खार्पा, खोटाङ

## वडा अध्यक्षको भनाइ



मुलुक एकात्मक राज्य सञ्चालनबाट गुज्रीरहनु परेको अवस्थामा नेपालको संविधान, २०७२ जारी भएपछि केन्द्रिकृत राज्य शक्तिलाई संघीयताको माध्यबाट राज्य शक्ति विकेन्द्रिकरण भएको छ । जसको अवधारणा हामीले महशुस गरिरहेको स्थानीय सरकार व्यवस्था नै हो। नेपालको पूर्वी जिल्ला खोटाङ १० वटा स्थानीय तहमा विभाजित भएसँगै स्थापित रावा बेसी गाउँपालिका पूर्व उत्तर दिशामा अवस्थित रहेको छ । मिश्रित जाती, समुदाय तथा विविधताको बीच कायम भएको सहिष्णुता पूर्ण एकता नै यस गाउँपालिकाको विशेषता हो । स्थानीय तहको निर्वाचन, २०७४ मा रावा बेसी गाउँपालिका वडा नं. २ खार्पाबाट वडा सदस्यमा निर्वाचित गराउनुहुँदै स्थानीय तहको दोस्रो निर्वाचनबाट वडा नं. २ को वडा अध्यक्षमा विश्वास भरोसा गरेर निर्वाचित गराउनुहुने सम्पूर्ण खार्पावासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक नमन प्रकट गर्दछु । यहाँहरुले निर्वाचित गराएर जिम्मेवारी सुम्पिनु भएपश्चातको एक आर्थिक वर्ष सम्पन्न भइसकेको छ । गत आर्थिक वर्षमा जसरी समग्र खार्पाको विकासमा यहाँहरुको साथ सहयोग र सल्लाह प्राप्त भएको थियो त्यसरी नै यस चालु आर्थिक वर्षमा अझ प्रभावकारी र दिगो विकासमा कसरी अग्रसर हुन सकिन्छ भन्ने कुराको सुझाव र सल्लाहको अपेक्षा गरेको छु। तपाईंहरुकै प्रत्यक्ष सहभागिताले मात्र यस क्षेत्रको विकास सम्भव छ । जसमा हामी सबैको हातेमालोको आवश्कता छ ।

चालु आर्थिक वर्ष २०८०।०८१ मा रावा बेसी गाउँपालिकाको समग्र आर्थिक क्रियाकलाप समेटिएको नीति कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गरी हरेक कार्यक्रम तथा योजनामा नागरिकलाई समाहित गराउने उद्देश्यका साथ उक्त पुस्तिका प्रकाशन भएको छ । यस आर्थिक वर्षमा छनौट भएका योजनाहरु समयमै कार्यान्वयनमा ल्याउन यहाँहरु सबैमा आग्रह गर्दै यस गाउँसभा सम्न्न गर्न तथा पुस्तक प्रकाशन गर्न अमूल्य समय खर्च गर्नुहुने सम्पूर्मामा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**डोलराज बस्नेत**
**वडा अध्यक्ष**
**वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक**
**रावा बेसी गाउँपालिका**

# रावा बेसी गाउँपालिका
# ३ नं. वडा कार्यालय
## लामिडाँडा, खोटाङ

## वडा अध्यक्षका भनाइ



नेपालको संविधान, २०७२ जारी भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा शान्ती सुशासन, समृद्धि र दिगो विकासको आधारहरु अङ्कुराउन थालेकाछन् । स्थानीय तहहरु संवैधानिक रुपमा स्थापना भई स्थानीय जनताको प्रत्यक्ष सहभागितामा आधारित रही विकासहरु सुरुवात भएसँगै वृहत्तर योजना र कार्यक्रमहरुको नतिजामूलक उपलव्धीहरु धेरै देख्न सकिन्छन् । संघीयताको सफल कार्यान्वयनमा जनताको सहभागितामूलक उपस्थिति नै सुन्दर पक्ष हुने भएकोले केन्द्रिकृत शासन प्रणालीलाई स्थानीय सरकारको माध्यमबाट जनताको आवश्यकतामा आधारित विकासको वितरण पद्दतीमा रुपान्तरण भएको छ । प्रचलित व्यवस्थालाई अनुसरण गर्दै टोल बस्ती स्तरबाट भएका आवश्कतामा आधारित योजनाहरुमा छलफल गरी छनौट भएका कार्यक्रमहरु रावा बेसी गाउँपालिका आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम र बजेट सहितको पुस्तिका प्रकाशन भएकोमा खुसी लागेको छ । स्वच्छ र पारदर्शी आर्थिक सूचना सम्प्रेशण तथा ग्रहण सबै नागरिकको दायित्व हो । उपलव्ध बजेटको आकारमा रही यस आर्थिक वर्ष २०८०।०८१ मा रावा बेसी गाउँपालिका वडा नं. ३ लामिडाँडामा सञ्चालन हुने योजना तथा कार्यक्रम सकेसम्म सबै क्षेत्रलाई सम्बोधन हुने गरी वितरण गरेका छौं । सिमित बजेटमा रहेर योजना निर्माण गर्नु पर्ने बाध्यता रहेको कारणले यहाँहरु सबैको माग अनुसारको कार्यक्रम प्राथमिकतामा पर्न नसकेको हुन सक्छ । त्यस्ता कर्यक्रमहरुलाई आगामी वर्षमा विशेष प्राथमिकतामा राखिने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु।

**अन्त्यमा,** यस तेह्रौं गाउँसभालाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भूमिका निर्वाह गर्नुहुने रावा बेसी गाउँपालिकावासी नागरिकहरु, बुद्धिजीवी वर्ग, कर्मचारी, सञ्चार कर्मी सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद!!

**विरेन्द्र मगर**
**वडा अध्यक्ष**
**विधेयेक समिति संयोजक**
**रावा बेसी गाउँपालिका**

# रावा बेसी गाउँपालिका
# ४ नं. वडा कार्यालय
## डुम्रेधारापानी, खोटाङ

### वडा अध्यक्षको भनाइ



संघीय पश्चात लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माण पश्चात मुलुकले २० वर्ष पश्चात स्थानीय सरकारको परिकल्पना गर्यो र जनताहरुले सघन ढंगबाट काम गर्नका लागि जनप्रतिनिधिहरु प्राप्त भयो । गाउँगाउँमा सिंहदरबार भन्ने नाराका साथ ७५३ वटा स्थानीय तहको निर्माण भयो । जस मध्ये खोटाङ जिल्ला पनि १० वटा स्थानीय तहमा वर्गीकरण भयो । पुरानो संरचना अनुसार खोटाङ जिल्ला ७६ वटा गाउँ विकास समितिमा वर्गीकृत थियो । ७६ गाउँ विकास समिति मध्ये कुभिण्डे, खार्पा, लामिडाँडा, डुम्रेधारापानी, दुबेकोल र हौंचुर गाउँ विकास समिति मिलि विविध कष्ट व्यवधानका बीच रावा बेसी गाउँपालिकाको स्थापना भयो र गाउँपालिकाले विधिवत रुपमा मान्यता प्राप्त गरेको पनि धेरै वसन्त पार भई सकेको छ । जसले स्थानीय शासन सञ्चालन ऐन, २०७५ जारी गरी स्थानीय तहलाई आफ्नै नीति, कार्यक्रम र आफैले बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार प्रत्यायोजन गर्यो । त्यसैको आधारमा विगतका वर्षबाट गर्दै आएको नीति तथा कार्यक्रम रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ पनि निर्धारित समयावधिभित्र ल्याएका छौं ।
हामीले निर्धारण गरेका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने क्रममा तपाईंहरु सम्पूर्ण वडावासी दाजुभाइ तथा दिदीबहिनीहरले साथ सहयोग नगरी कार्यान्वयन हुन सक्दैन । बजेट सिमित हुन्छ । त्यसलाई परिपूर्ती गर्ने साधन सिमित हुन्छ । तसर्थ सबै व्यक्तिले आसा राखेको बजेट, नीति तथा कार्यक्रममा सम्बोधन गर्न सकेनौं होला, आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा ति छुटेका योजनाहरु समेट्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं। यस आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट निर्धारित समयभित्र निर्धारित योजनाहरु सम्पन्न गर्न उपभोक्ता समिति, राजनितिक दल, बुद्धिजीवी, भद्रभलाद्मी शिक्षक, कर्मचारी, विद्यार्थी तथा अन्य सम्पूर्ण महानुभावहरमा योजना अनुगमन गर्न स्टमेट अनुसारको कार्य गर्ने गराउन आग्रह गर्न चाहान्छु । फुटेर हैन जुटेर विकास निर्माणको काममा अग्रसर हुन अनुरोध गर्दछु । हराभरा सुन्दर रावा बेसी गाउँपालिका निर्माणमा सबैले हातेमालो गरौं । जय ! देश जय ! रावा बेसी ।

धन्यवाद !!

**ज्ञान बहादुर पाण्डे**
**वडा अध्यक्ष**
**सामाजिक विकास समिति संयोजक**
**रावा बेसी गाउँपालिका**

# रावा बेसी गाउँपालिका
# ५ नं. वडा कार्यालय
## दुबेकोल, खोटाङ

## वडा अध्यक्षको भनाइ



संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना पश्चात स्थापित ७५३ वटा स्थानीय तह मध्ये खोटाङ जिल्ला अन्तरगतको यस रावा बेसी गाउँपालिका साविकको ६ वटा गाउँ विकास समितिबाट समाहित भई स्थापना भएको गाउँपालिका हो । जनतासँग नजिकको सरकारको रुपमा काम गर्दै आईरहेको स्थानीय सरकार अवसर र चुनौतिका बीच काम गरिरहनु परेको विद्यमान अवस्था छ । निश्चित स्रोतसाधन छ । आवश्कताहरु अपार छन् ।जसको बाबजुत नीति निर्माण योजना तथा कार्यक्रम बनाउनु पर्ने बाध्यात्मक चुनौति छन् । नजिकको सरकारको हैसियतमा जनतामा आसा र आकाङ्क्षा हुनु स्वभाविक नै हो । यस्तै अपेक्षा र भरोसाका साथ स्थानीय तहको दोस्रो निर्वाचनबाट मलाई वडा अध्यक्षमा निर्वाचित गराउनुहुने आम वडावासीहरु प्रति कृतज्ञ छु ।
रावा बेसी गाउँपालिकाको तेह्रौं गाउँसभा सम्पन भईसकेको छ । उक्त सभाले सकेसम्म यहाँहरुको माग अनुसारको योजना तथा कार्यक्रमहरु यसै आर्थिक वर्षमा समेट्ने प्रयत्न गर्दा गर्दै पनि बजेटको सिमित दायराको कारणले सबै मागहरु पूरा हुन सकेनन् होला, जो योजनाहरु आगामी वर्षमा समेट्दै लैजाने कुरा यहाँहरुलाई विश्वस्त गराउन चाहान्छौं । यस आर्थिक वर्षमा जे जति नीति तथा योजनाहरु छनौटमा परे ति योजनाहरुलाई सफल कार्यान्वयनको जिम्मा यहाँहरुको नै हो । हामी सबैले आ-आफ्नो तह र तप्काबाट जिम्मेवार भएनौं भने वडाको विकासमा सफलता प्राप्त गर्न असम्भव छ । त्यसैले वडाको विकासमा एकजुट भएर हातेमालो गर्दै अघि बढ्न तमाम वडावासी जनसमुदायलाई अपिलता पूर्वक आग्रह गर्न चाहान्छु ।
**अन्त्यमा,** रावा बेसी गाउँपालिकाको तेह्रौ गाउँसभा निश्चित समयमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण वडा तथा गाउँपालिकावासी दाजुभाइ, दिदीबहिनीहरु, बुद्धिजीवी, समाजसेवी, पत्रकार, कर्मचारी तथा अन्य सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद!!

**मनकुमार गुरुङ**
**वडा अध्यक्ष**
**सुशासन तथा संस्थागत विकास समिति**
**रावा बेसी गाउँपालिका**

# रावा बेसी गाउँपालिका
# ६ नं. वडा कार्यालय
## हौंचुर, खोटाङ

## वडा अध्यक्षको भनाइ



नेपालको संविधान जारी भए पछि संघीयता कार्यान्वयनको करिव ६ वर्ष पूरा भईसकेको छ। आधुनिक विकास र प्रविधिले मानिसका आधारभूत आवश्यकता खाना, नाना र छानामा मात्र आज सिमित छैन । यी आवश्यकतालाई पूर्ण बनाउनको निम्ती पूर्वाधार विकासका केही त्यस्ता पाटाहरु छन् ।जसले ति आधारभूत आवश्यकतालाई पूरा गर्न सक्दछ । यसका निमित्त सडक सञ्जाल, पुल, भवन, खानेपानी, सिंचाई र बिजुलीको विकास गर्न आवश्यक हुन्छ । समाज त्यतिबेला परिवर्तन हुन्छ । जतिबेला हामीले यी पूर्वाधारलाई पूर्णता दिन सक्छौं ।

रावा बेसी गाउँपालिका वडा नं. ६ को वडा अध्यक्षमा यहाँहरुको अमूल्य मत र विश्वासका साथ मलाई विजयी गराउनुहुने आम हौंचुर वडावासीहरु प्रति आभारी छु । यहाँहरको विश्वासलाई खेर जान नदिन हर कदमबाट प्रयासरत रहनेछु । जो तपाईंहरुको साथ र सहयोगबाट मात्र सम्भव छ । उक्त साथ सहयोग पाईरहने कुरामा विश्वस्त छु । वडाको विकासमा तपाईंहरुको सिङ्गो साथ र सहयोग रहेन भने दिगो विकास अवश्य सम्भव हुँदैन त्यसैले मन बचनका साथ एक जुट भएर विकासको सहयात्रामा अघि बढ्न सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट मार्फत बजेटको स्रोतले भ्याएसम्म वडाका अधिक योजनाहरु समेटने प्रयास गरेकाछौं । तपाईंहरुले अपेक्षा गर्नु भएका कतिपय योजनाहरु यस आर्थिक वर्षमा समावेश गराउन सकेनौं होला तर निरासावादी नहुन म आग्रहता पूर्वक अनुरोध गर्न चाहान्छु । तपाईहरको मागले आगामी वर्षमा अवश्य पनि प्रवेश पाउनेछ । जे जति योजनाहरु यस चालु आर्थिक वर्षमा प्रथमिकतामा परे ति योजनालाई दिगो अवधारणाका साथ सफलतापूर्वक सम्पन्न गर्ने पाटोमा लाग्न सबैमा अनुरोध गर्दछु । साथै यस तेह्रौं गाउँसभा सम्पन्न गर्न सक्रिय सहभागिता जनाउनुहुने रावा बेसी गाउँपालिकावासी बुद्धिजीवी, राजनितिक दल, सञ्चारकर्मी, कर्मचारी, नागरिक समाज लगायत सम्पूर्णमा आभार व्यक्त गर्दछु । समृद्ध रावा बेसी निर्माण गर्न सबै एकजुट हौं ।धन्यवाद !!

चिरन्जीवी कार्की
वडा अध्यक्ष
पूर्वाधार विकास समिति संयोजक
रावा बेसी गाउँपालिक

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| क. | राष्ट्रिय गान | I |
| ख. | रावा बेसी गाउँपालिकाको भौगोलिक नक्सा | II |
| ग. | कार्यपालिका सदस्यहरुको नामावली | V |
| घ. | गाउँपालिका अध्यक्षको मनतव्य | VII |
| ङ. | गाउँपालिका उपाध्यक्षको मनतव्य | VIII |
| च. | प्रमुख प्रशासकीय अधिकृतको मनतव्य | IX |
| छ. | वडा अध्यक्षहरुको मनतव्य (१ देखि ६ सम्म) | X-XV |

खण्ड १: परिचय

| | |
|---|---|
| १.१ रावा बेसी गाउँपालिकाको संक्षिप्त परिचय | १ |
| १.२ आर्थिक वर्ष २०७९/०८० सम्मका उपलव्धीहरु | ७ |
| १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएका आधार तथा मार्गदर्शन | ८ |
| १.४ आयोजना प्राथमिकिकरणका आधारहरु | ९ |

खण्ड २: आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट

| | |
|---|---|
| २.१ सोंच | १० |
| २.२ लक्ष्य | १० |
| २.३ उद्देश्य | १० |
| २.४ आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम | ११ |
| २.५ आर्थिक वर्ष २०८०/८१ का लागि बजेट वक्तव्य | २५ |

खण्ड ३ : आर्थिक वर्ष २०८०/०८१ कुल आय विवरण

| | |
|---|---|
| ३.१ आर्थिक वर्ष २०८०/०८१ मा प्राप्त हुने कुल बजेटको अनुमानित विवरण | ३० |
| ३.२ रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ क्रियाकलाप तथा व्यय अनुमानको विवरण | ३१ |
| ३.३ रावा बेसी गाउँपालिकाको आर्थिक ऐन, २०८० | ४२ |
| ३.४ रावा बेसी गाउँपालिकाको विनियोजन ऐन, २०८० | ६१ |
| ३.५ रावा बेसी गाउँपालिकाको फोटो ग्यालरी | ६२ |

# खण्ड १

## परिचय

### १.१ रावा बेसी गाउँपालिकाको संक्षिप्त परिचय

रावा बेसी गाउँपालिका कोशी प्रदेश अन्तरगत खोटाङ जिल्लाको १० वटा स्थानीय तह मध्ये छुट्टै किसिमको संङ्घर्षबाट स्थापना भएको गाउँपालिका हो । पूर्व र दक्षिण सिमानामा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, पश्चिममा हलेसी तुवाचुङ नगरपालिका उत्तरमा ओखलढुङ्गाको चिसङ्कुगढी गाउँपालिका र ऐसेलुखर्क गाउँपालिका भई फैलिएको यस गाउँपालिकाको क्षेत्रफल ९७.४४ वर्ग कि.मि. रहेको छ। यस गाउँपालिका साविकका ६ वटा गाउँ विकास समितिबाट हाल ६ वटा वडाहरुको संयोजन भई रावा बेसी गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिका २७ डिग्री १६ मि. देखि २७ डिग्री २७ मि. उत्तरी अक्षांश र ८६ डिग्री ४२ मि. देखि ८६ डिग्री ७० मि. पूर्वी देशान्तरमा अवस्थित छ । समुन्द्र सतहबाट ४३२ मिटर देखि २६०५ मिटरको उचाईमा रहेको छ ।सबैभन्दा उचाईमा वडा नं. ६ हौंचुरको चाँपखर्क,पैयाँ रहेको छ भने सबै भन्दा होचो स्थानमा वडा नं. ३ लामिडाँडाको तिर्पा हातिटार अवस्थित छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ११,१९९ जना रहेको छ भने पुरुषको सङ्ख्या ५,३८८ र महिलाको सङ्ख्या ५,८११ रहेको छ । यस गाउँपालिकामा २,७१५ घरधुरी रहेको छ भने औषत घरपरिवारको आकार ४.१२ रहेको छ। त्यसै गरी लैङ्गिक अनुपात ९२.७२ प्रतिशत र जनघनत्व प्रति वर्ग कि.मि. ११५ रहेको छ । यस गाउँपालिकामा मिश्रित किसिमको जातजातिहरुको बसोवार रहेको छ । जसमा मगर, ब्राम्हण, क्षेत्री, नेवार, राई, सार्की, गुरुङ र तामाङको मुख्य बसोवास रहेको छ।

यस गाउँपालिकाको सबै वडाहरुको तल्लो भू-भागलाई सिंचित गर्दै बग्ने रावा खोलाले गाउँपालिकाको नामलाई सार्थकता तुल्याएको छ। रावा खोलाको स्वादिष्ट माछाले यस गाउँपालिकाको छुट्टै पहिचानलाई स्थापित गरेको छ । धार्मिक तथा पर्यटकीय दृष्टिकोणले समेत ओमकारेश्वर मन्दिर, साङ्गे लोसाङ छोलिङ तामाङ गुम्बा, प्रिमाकोटगढी, डुम्रेकोटगढी, कालिका भगवती देविस्थान, जुडी महादेबस्थान लगायतका धार्मिक तथा पर्यटकीय रुपमा प्रशस्त सम्भावना बोकेको स्थलहरु हुन्। खाद्यन्न तथा फलफूल खेतीको लागि यस गाउँपालिका निक्कै उर्वर मानिन्छ। माथिल्लो क्षेत्रमा किबी तथा स्कुसको राम्रो उत्पादन गर्न सकिन्छ भने तल्लो क्षेत्रमा लिची, आँप, केरा, सुन्तला, कागती जस्ता फलफूल प्रशस्त मात्रामा उत्पादन गर्न सकिन्छ।

विकासका प्रशस्त सम्भावनाहरू बोकेको यस गाउँपालिका नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजना ६३५ मेगावाटको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना यसै गाउँपालिकामा सञ्चालनको शुरुवातको चरणमा रहेको छ । यस रावा बेसी गाउँपालिका पूर्ण खोप सुनिश्चित, खुला दिसामुक्त, पूर्ण साक्षर घोषणा भईसकेको छ । उच्च शिक्षा प्रदानको लागि यस गाउँपालिकामा सञ्चालनमा रहेको खार्पा क्याम्पसको योगदान उच्च रहेको छ।

**तथ्याङ्कमा रावा बेसी गाउँपालिकाः**

**संक्षिप्त तथ्याङ्क**

- गाउँपालिकाको नाम : रावा बेसी गाउँपालिका

**सीमाना :**

- पूर्व र दक्षिणमा :दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, पश्चिम : हलेसी तुवाचुङ नगरपालिका,
- उत्तर :ओखलढुङ्गाको चिसङ्कुगढी गाउँपालिका र ऐसेलुखर्क गाउँपालिका

**अवस्थिति :**

- अक्षांश : २७ डिग्री १६ मि. उत्तरी अक्षांश देखि २७ डिग्री २७ मि. उत्तरी अक्षांश सम्म र ८६ डिग्री ४२ मि. पूर्वी देशान्तर देखि ८६ डिग्री ७० मि. पूर्व देशान्तर सम्म
- क्षेत्रफल : ९७.४४ वर्ग किलोमिटर
- उचाई : समुन्द्र सतहदेखी ४३२ मि. देखि २६०५ मि. सम्म
- वडा संख्या : ६
- केन्द्र : हरमटार, कुभिण्डे
- कूल जनसंख्या : ११,१९९ (जनगणना २०७८)
- महिला :५८११
- पुरुष : ५३८८
- घरधुरी सङ्ख्या :२७१५
- लैङ्गिक अनुपात : ९२.७२

- जन्मदर्ता गरेको : ७५.९ प्रतिशत
- जन्मदर्ता नगरेको : २४.१ प्रतिशत
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही : १७५४ जना
- विधुर भत्ता प्राप्त गर्ने लाभग्राही : २४ जना
- विदेशमा बसोवास गर्ने सङ्ख्या : २२.२ प्रतिशत म. : ५.७ प्रतिशत पु. : ९४.३ प्रतिशत
- औषत बसोवास (जनघनत्व) : ११५ प्रति वर्ग कि.मि.
- साक्षरता प्रतिशत : ७३.४ म. : ६६.४ प्रतिशत, पु. : ८१.१ प्रतिशत
- सामुदायीक विद्यालय :२८
- आधारभूत विद्यालय : २१
- माध्यमिक विद्यालय : ७
- क्याम्पस : १
- बालविकास केन्द्र : २७
- सामुदयीक सिकाई केन्द्र : ३
- प्रहरी चौकी : ४
- ईलाका हुलाक कार्यालय : १
- अतिरिक्त हुलाक कार्यालय : ५
- बैंक तथा वित्तीय संस्थाहरु : २
- सहकारी संस्थाहरु : ११
- आधारभूत स्वास्थ्य केन्द्र : २
- स्वास्थ्य चौकी : ६
- आयुर्वेद औषधालय : १
- गाउँघर क्लिनिक : २०
- खोप क्लिनिक : १८
- बर्थिङ सेन्टर : ५
- बिमानस्थल : १
- O.T.C. सेन्टर : २
- सुरक्षित गर्भवती सेवा सेन्टर : २
- प्रमुख पर्यटकीय स्थलहरु : डुम्रेकोटगढी, प्रिमाकोटगढी।
- प्रमुख नदी/खोलाहरु : दुधकोशी, रावा खोला, जुके खोला, लङ्गुर खोला, हौंचुर खोला, कल्लेरी खोला, कस्तुरी खोला, ह्राङ खोला, दुबे खोला, ढुङ्ग्रे खोला।
- प्रमुख बनस्पती : साल, सिमल, जामुन, कदम, खयर, करम, छतिवन, वोहरी, खमारी, बोटधँगेरो, बकाईनो, वर, पीपल, बेल, अमला, आँप, कटहर, लिची, वयर, कैंदल, समी, बडहर, अम्बा, केरा, कागती, भोगटे, दारिम, तित्री, फडिर, असारे, साज, कुम्भी, हर्रो–बर्रो, हल्लुडे, सिरीस, क्यामुना, दबदबे, टुनी, मालती, नेवारो, पटमिरो, पात्ले, ठुलो पात्ले, चिलाउने, उत्तीस, चाँप, खन्यू, फलौटे, सल्लो,गोगुन, काभ्रो, गायो, सिमली, कटुस, भोर्ला।
- घिस्रने जन्तु : गोमन, सिरिसे, धामन, हरेउ, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गडयौला, जुका, अन्य आदि।
- चराचुरुङ्गी : कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, चिल, बाज, कोटेरा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, हाडफोरुवा, कर्याङकुरुङ, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू।

## रावा बेसी गाउँपालिकाको परिवार सङ्ख्या र जनसङ्ख्या विवरण

| वडा नं. | घर परिवार सङ्ख्या | जनसङ्ख्या | | | घर परिवारको औसत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| जम्मा | २७१५ | ११११९ | ५३८८ | ५८११ | ४.१२ | ९२.७२ |
| १ | ४५७ | १८३८ | ८९९ | ९३९ | ४.०२ | ९५.७४ |
| २ | ४१३ | १६९५ | ८५४ | ८४१ | ४.१० | १०१.५५ |
| ३ | ५३८ | २३४४ | ११२० | १२२४ | ४.३६ | ९१.५० |
| ४ | ५२५ | २०९६ | ९९३ | ११०३ | ३.९९ | ९०.०३ |
| ५ | ३०० | १२४८ | ५८४ | ६६४ | ४.१६ | ८७.९५ |
| ६ | ४८२ | १९७८ | ९३८ | १०४० | ४.१० | ९०.१९ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## घरको छानाको बनोट अनुसार परिवार सङ्ख्या




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## खानेपानीको स्रोत अनुसार परिवार सङ्ख्या




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार घर परिवार सङ्ख्या




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## बत्ती बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार सङ्ख्या




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गर्ने शौचालय प्रकार अनुसार




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

### ५ वर्ष वा सो भन्दा माथिका व्यक्तिहरुको साक्षरताको अवस्था




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

### प्रमुख जातजाती अनुसार जनसङ्ख्या




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## प्रमुख १० धर्म अनुसार जनसङ्ख्याको अवस्था




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## प्रमुख १० मातृ भाषा अनुसार जनसङ्ख्याको अवस्था




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*
राष्ट्रिय जनगणना २०७८

## १.२ आर्थिक वर्ष २०७९/०८० सम्मका उपलव्धीहरु

- सबै वडामा अनलाईन व्यक्तिगत घटना दर्ताको लागि आवश्यक व्यवस्थापन गरिएको।
- सबै वडा, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा इन्टरनेट व्यवस्थापन भएको।
- विगतका वर्षहरुको तुलनामा योजनाहरको गाउँपालिका स्तरीय अनुगमन समिति मार्फत सघन अनुगमन तथा वडामा वडा स्तरीय अनुगमन समितिको अनुगमन पश्चात मात्र भुक्तानीको व्यवस्था मिलाईएको।
- ४५ वर्ष माथिका एकल पुरुषहरुलाई मासिक रू १ हजारको दरले विधुर भत्ता दिने व्यवस्था मिलाईएको।
- कार्यपालिका बैठकमा अघिल्ला कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको विषयमा समिक्षा हुने गरिएको।
- हालसम्म ६५ वटा स्थानीय कानूनहरु तर्जुमा गरिएको।
- सहभागितामूलक योजना छनौट प्रकृयालाई अवलम्बन गरी योजना छनौट गरिएको।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव तयार गरी सोही बमोजिम बोलपत्र आह्वान प्रकृया अघि बढाईएको।
- खाने तेलमा आत्मनिर्भर कार्यक्रम अन्तरगत तोरी खेतीलाई प्रवर्द्धन गरिएको।
- आन्तरिक आय वृद्धिको लागि राजश्वका नयाँ क्षेत्रहरुको पहिचान गरी कार्यान्वयन गरिएको।
- लघु उद्यमी सृजना गर्न लघु उद्यम रणनैतीक योजना तयार गरिएको।
- गाउँपालिकाको वेभसाइट नियमित अध्यावधिक गरिएको।
- गाउँपालिकाको कार्यालय र वडा नं. १, ३ र ५ मा अनलाईन डिजिटल बोर्ड जडान गरिएको।
- वडा नं. १, ३ र ५ मा पक्की वडा कार्यालय भवन निर्माण गरिएको।
- विद्यालय भर्ना दरलाई उच्च बनाउन गाउँपालिकाभरीका सबै विद्यालयमा विद्यालय दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको।
- वाडा नं. ३ लामिडाँडा तिर्पामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी सेवा सञ्चालनमा ल्याईएको।

**<u>सवल पक्ष</u>**

**परिचय**

रावा बेसी गाउँपालिका स्थापना भएको ६ वर्ष पूरा भई सातौं वर्षमा हिंडिरहेको छ । यसले शुसासन सेवाग्राहीबाट राम्रो सहयोग, राजनीतिक दल र निर्वाचित जनप्रतिनिधीबाट राम्रो सहयोग सहकार्य र समन्वय भईरहेको अवस्था हुँदाहुँदै पनि केही कमजोर पक्ष र चुनौतीहरु छन्, केही राम्रा पक्ष र अवसरहरु पनि उत्तिकै रहेका छन् जसलाई निम्न रुपमा प्रस्तुत गर्न सकिन्छ।

**सवल पक्ष**

- गाउँपालिकाको विभिन्न गुरुयोजना र प्रोफाईल तयार गरिएको।
- आफ्नै गाउँपालिका तथा वडा कार्यालय भवन रहेको।
- पालिकास्तरीय चिस्यान केन्द्र निर्माण गरिएको।
- गाउँ अस्पताल सञ्चालनमा ल्याईएको।
- निर्वाचित जनप्रतिनिधी र कर्मचारीबीच सुमधुर सम्बन्ध रहेको।
- योजना तर्जुमा कार्यमा वडा समिति र जनसहभागिता सुनिश्चित हुने गरेको।
- जनप्रतिनिधीबाट नै योजना अनुगमन गर्ने गरेको।
- विद्युतीय सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडी बढाईएको।
- सबै वडा कार्यालयमा कम्प्यूटर, प्रिन्टर, ल्यापटप तथा ईन्टरनेट जडान गरिएको।
- घर नक्सा पास कार्यविधि पास गरी कार्यान्वयनमा ल्याईएको।
- कक्षा ८ को प्रश्नपत्र गाउँपालिका स्तरबाट नै तयार गरिएको।
- कृषि तथा पशु पालन सम्बन्धी सम्भाव्यता अध्ययन गरिएको।

**कमजोर पक्ष**

- जनप्रतिनिधिहरुमा स्थानीय सरकार सञ्चालन सम्बन्धमा तालिमको अभाव।
- टुक्रे तथा साना योजनाहरु कटौती गर्न नसकिएको।
- भौतिक तथा मेसिनरी औजारहरुको अभाव।
- भौगोलिक विकटताको कारण पूर्वाधार विकासमा कठिनाई।
- केन्द्रिय तथा प्रादेशिक स्रोतको तुलनामा आन्तरिक आम्दानी सङ्कलनमा अझै समस्या रहेको।

**अवसर**

- रावा बेसी गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना भएको गाउँपालिका हो । यहाँ ऐतिहासिक डुम्रेकोटगढी, प्रिमाकोटगढीलाई संरक्षण र प्रवर्द्धन गर्न सकेमा आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ । यसै गाउँपालिकामा अवस्थित ओमकारेश्वर मन्दिर, जुडी महादेवस्थानको छुट्टै धार्मिक महत्व रहेको छ।
- कृषि तथा पशु पालनको लागि यस गाउँपालिकाको भूगोल वातावरण तथा हावापानी अत्यन्त उपयोगी रहेकोले कृषि तथा पशु व्यवसायको राम्रो सम्भावना रहेको।
- फलफूल खेतीको लागि उपयुक्त वातावरण रहेकोले लिची खेतीलाई उपयुक्त किसिमको योजना बनाई लिची व्यवसायबाट राम्रो आम्दानी लिन सकिने।
- प्राकृतिक स्रोत साधनको उपयोगबाट प्रशस्त आन्तरिक स्रोत सङ्कलन गर्न सकिन्छ।
- पर्यटकीय क्षेत्रको विकास गरी विभिन्न होटल, रिसोर्ट, होमस्टे सञ्चालन गरी आयआर्जन गर्न सकिनेछ।
- ढुङ्गा, गिटी तथा बालुवा खानीहरु प्रसस्त रहेको हुँदा त्यस्ता उद्योगहरु सञ्चालन गरी आयआर्जन गर्न सकिने अवस्थामा रहेको छ।
- जनप्रतिनीधिहरुबाट नै बजेट बाँडफाँड र स्रोत सङ्कलन तथा योजना तर्जुमा गर्न सकिने।

**चुनौती**

- बिजुले ऐसेलुखर्क सडक कालोपत्रे हुन नसक्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको।
- सिमित स्रोत साधनबाट जनताका असिमित इच्छा आकाङ्क्षा र चाहनालाई परिपूर्ती गर्न ठुलो चुनौती रहेको,
- गाउँपालिका केद्रबाट जिल्ला सदरमुकाम र मध्यपहाडी लोकमार्गसँग जोडिने छोटो दुरीको कुभिण्डे-नुनथला सडक कालोपत्रे हुन नसक्दा दैनिक आवतजावत तथा पूर्वाधार विकासले गति लिन सकेको छैन।
- जुकेखोला, कल्लेरी खोला तथा हौंचुर खोलामा पक्की पुलको अभावको कारण वर्षाको समयमा आवतजावत गर्न कठिनाई रहेको।
- स्रोत र साधनको कमी छ। हालको स्थानीय स्रोतको परिचालन उचित ढंगबाट हुन सकेको छैन।केन्द्रीय तथा प्रदेश सरकारको अनुदानबाट मात्र गाउँपालिका सञ्चालन गर्नुपर्ने चुनौती रहेको छ।

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएका आधार तथा मर्गदर्शन

- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र,
- राजश्व परामर्श समितिको प्रतिवेदन,
- स्रोत तथा बजेट सीमा निर्धाण समितिको स्रोत र बजेट अनुमान,
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता,
- बजेट तथा कार्यक्रम समितिले सर्वप्रथम तलब/भत्ता जस्ता अनिवार्य दायित्वका शीर्षकमा आवश्यक पर्ने खर्चको प्रक्षेपण,
- अनिवार्य दायित्वका खर्च प्रक्षेपण पश्चात कार्यालयको शिरोभार खर्च वा कार्यालय सञ्चालन खर्च तथा अन्य खर्चको लागि मापदण्ड तोकि प्रक्षेपण,
- सेवा तथा सुविधा सम्बन्धी (भत्ता समेत) को मापदण्ड तयार गर्दा अर्थ मन्त्रालयबाट स्वीकृत बजेट तर्जुमा दिग्दर्शनमा तोकिएको मापदण्डभन्दा बढी नहुने गरी तयार,
- चालु खर्चको प्रक्षेपण पश्चात पूँजीगत खर्चको प्रक्षेपण, यस्तो प्रक्षेपण गर्दा सबै विषयगत क्षेत्रलाई समेट्ने गरी बजेट प्रक्षेपण गरिएको,
- कुल स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको प्रतिवेदनको आधारमा विनियोजन विधेयक तयारी,

- बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत बजेट तथा योजना तयार,
- कार्यपालिकाबाट योजना कार्यक्रम, बजेट तथा कानूनका विधेयकहरुमाथि छलफल तथा स्वीकृती गाउँसभाबाट,

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, पुर्याउने ।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्षभित्र सम्पन्न हुने)।
- राजश्व परिचालनमा योगदान पुर्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने।
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने।
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यस्थापनमा योगदान पुर्याउने।
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशील बनाउने।
- स्थानीय तहले आवश्यक महशुस गरेको अन्य विषयहरु।

# आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट

## २.१ सोच

जल, जङ्गल, कृषि, खानी, पर्यटन र शिक्षा, प्रविधिमा उच्च जीवनस्तर सहितको समृद्ध गाउँपालिका निर्माण गर्न यसको दीर्घकालीन सोंच हुनेछ।

## २.२ लक्ष्य

गाउँपालिकाको प्रजातान्त्रिक प्रकृयाको विकस गर्दै पारदर्शी व्यवहार, जनभावना र जनताको सहभागितामा आधारित उच्च गुणस्तरीय तथा कृषि व्यवसायमा आत्मनिर्भर र समुन्नत नागरिक समाजको स्थापना गर्ने यस गाउँपालिकाको दीर्घकालिन लक्ष्य रहेको छ ।

## २.३ उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाका उद्देश्यहरु देहाय रहेका छन् ।

- आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाती, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समुदायको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रकृयालाई संस्थागत गर्ने ।
- विकेन्द्रिकरणका माध्यमबाट सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने ।
- स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्दतिको विकास गर्ने ।
- योजनाहरुको तर्जुमा र सञ्चालन जर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थगत विकास गर्ने ।
- डिजिटन नेपालको अवधारणालाई अङ्गीकार गर्दै प्रविधिमैत्री गाउँपालिकाको विकास गर्ने ।
- आधुनिक कृषि प्रणालीलाई विशेष जोड दिँदै कृषिलाई व्यवसायिक बनाउन भूगोल वातावरणको वृहत अनुसन्धान गरी पकेट क्षेत्र निर्माण गर्ने र दिगो कृषि व्यवसायलाई विकास गर्ने ।

## २.४ आर्थिक वर्ष २०८०/०८१ का लागि नीति तथा कार्यक्रम

### तेह्रौ गाउँसभाको लागि नीति तथा कार्यक्रम
### श्री फटिक कुमार श्रेष्ठबाट प्रस्तुत

**यस तेह्रौं गाउँसभाका, अतिथि ज्यूहरु,**
**लगायत सम्पूर्ण गाँउसभा सदस्यज्यूहरु,**

नेपालको संविधान, २०७२ जारी भएसँगै संघीयताको कार्यान्वयनका लागि २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनको पाँच वर्षे कार्यकाल सम्पन्न भई २०७९ बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा स्थानीय तहमा निर्वाचित भई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्य शक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको आभास गराउने अभ्यासको अवसरको रुपमा स्थानीय तहको दोस्रो कार्यकालको दोस्रो वर्षको लागि यस रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमलाई यस सम्मानित एवम् गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफूलाई भाग्यशाली महसुस गरेको छु ।
यसै अवसरमा नेपालमा प्रजातन्त्रको स्थापना, पुनःस्थापना तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिका लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी साहदत प्राप्त गर्दै मुलुकलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर शहिदहरु प्रति म हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। यसै गरी विभिन्न राजनैतिक आन्दोलनहरुमा नेतृत्व प्रदान गर्दै मुलुकलाई जनचाहाना अनुरुप डोर्याउनु हुने नेपाली राजनीतिका अग्रज तथा आदर्शका धरोहरहरु एवम् शिखर व्यक्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु । साथै यसै गाउँसभाका सदस्य तथा कार्यपालिका सदस्य श्री मेनुजा बि.क. को असामयिक निधन प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । उहाँको निधनले यस गाउँपालिकालाई पुगेको ठूलो क्षती कहिले पनि पूर्ती हुन सक्दैन ।
आज हामी कोभिड १९ महामारीको पहिलो, दोस्रो र तेस्रो लहरको सामना गर्दै अत्यन्त विषम परिस्थितिबाट केही राहत भएको महसुस गरिरहेका छौं । कोभिड महामारीमा ज्यान गुमाउने देश तथा विदेशका सबै नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।शोकाकुल परिवारमा समवेदना व्यक्त गर्दछु । साथै अब महामारीको सामना गर्नु नपरोस भन्ने कामाना पनि गर्दछु ।
आम नागरिकहरुको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारसँग नागरिकका चाहाना र अपेक्षा धेरै छन् । सिमित स्रोत साधनले हाम्रो असिमित आवश्यकता पूरा गर्नु हाम्रो चुनौति हुँदाहुदै पनि समुदायका आवश्यकता पुरा गर्ने, समस्या समाधान गर्ने आर्थिक सामाजिक र भौतिक पूर्वाधारहरुको विकासका माध्यमबाट आधारभूत सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो प्रमुख उद्देश्य हो । यस अर्थमा स्थानीय स्तरमा विकास र लोकतन्त्रको सफल अनुभूती दिलाउन रावा बेसी गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खाले विकास निर्माणलाई सहभागितात्मक ढङ्गले समानुपातिक वितरणका माध्यमबाट तिव्रताका साथ अगाडी बढाइने कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहान्छु ।
आज हामी आर्थिक समुन्ती, समाज परिवर्तन, अनि सुखी र समृद्ध रावा बेसी निर्माणको महान अभियानमा जुटीरहेको सन्दर्भमा अबको समयलाई पूर्ण रुपमा उपयोग गर्दै आर्थिक, सामाजिक रुपान्तरण गर्न र जनचाहाना पूरा गर्न अबको हाम्रो बाटो भनेको तिब्र आर्थिक विकास नै हो । आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गरी स्वस्थ र पारदर्शी अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो ।तसर्थ यस क्षेत्रका विकास र समुन्नतिका निम्ती, आफ्ना अमूल्य समय दिनुहुने सम्पूर्णमा म गाउँपालिका प्रमुखको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।
विकास निर्माण सबैको सहयोग, सहकार्य र समन्वयबाट मात्र सम्भव हुने भएकोले यस गाउँपालिकाको विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न अमूल्य सहयोग हुनेछ भन्ने मैले आशा र पूर्ण विश्वास लिएको छु । हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोगको भूमिकामा रहनु हुने यहाँ क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, नागरिक समाजका अगुवा तथा आम जनसमुदाय, पेशागत सामुदायीक संघ, संस्थाहरु सुरक्षा निकाय, बुद्धिजीवी वर्ग र सञ्चारकर्मीहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु र निरन्तर सहयोगको अपेक्षा राख्दै यहाँहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।
रावा बेसी गाउँपालिका छुट्टै किसिमको संघर्षबाट सिर्जित स्थानीय तह हो भन्ने कुरामा यहाँहरु सबै जानकार नै हुनुहुन्छ । लामो अदालती प्रकृया र संघर्श पछि गाउँपालिकाको नाम रावा बेसी र केन्द्र हरमटार नै कायम भएकोमा सम्पूर्ण जनतामा हार्दिक बधाई ज्ञापन गर्दछु । हामीलाई उक्त कार्यले थप ऐकताबद्द बनाई गाउँपालिकाको विकासमा प्रतिबद्द भई लाग्न थप उर्जा प्रदान गरेको

छ। यस सँगै गाउँपालिकाको प्रशासनिक भवनको डि.पि.आर. सम्पन्न भई पहिलो चरणको ठेक्का समेत खोलिसकिएकोले उक्त प्रशासनिक भवन यही सभा स्थलमै निर्माण हुने कुरा अवगत गराउन चाहान्छु।

रावा बेसी गाउँपालिकामा आर्थिक र सामाजिक क्षेत्रमा क्रमशः सकारात्मक परिवर्तन हुँदै गएको कुरा आम नागरिकहरुमा देखिएको कुरा समेत हामी सबै बीच छर्लङ्ग छ भने सँगसँगै रावा बेसी गाउँपालिका धेरै अवसर र सम्भावना बोकेको ठाउँ पनि हो । यस क्षेत्रमा बन्न लागेको ६३५ मेगावाटको नेपालकै राष्ट्रिय गौरवको आयोजना दुधकोशी हाइड्रो पावरले बोकेको विशिष्ट सभाव्यताका कारण रावा बेसी गाउँपालिकालाई आर्थिक, सामाजिक र भौतिक रुपमा साथै व्यापारिक, व्यावसायिक, पर्यटकीय दृष्टिकोणले थप मजबुत हुन मद्दत पुग्ने आशा गरिएको छ । साथै उक्त आयोजना निर्माण गर्नका लागि कार्यपालिकाको निर्णय मार्फत मार्ग प्रशस्त गरिएको कुरा पनि यस सभालाई जानकारी गराउन चाहान्छु ।

दिगो विकास र समुन्नतीको अभियानमा अपेक्षित जनसहभागिता सुनिश्चित गर्नु, विकासलाई वातावरण, गुणस्तरीयता र जनजिविकासँग प्रत्यक्ष रुपमा जोड्नु, समतामूलक एवम् सहभागितामूक समाज निर्माण गर्नु, स्वावलम्बी र सवल अर्थतन्त्र निर्माण गर्नु, स्वस्थ, सभ्य र मर्यादित समाज निर्माण गर्दै रावा बेसी गाउँपालिकाको सुखद भविष्य निर्माण गर्नु, जनताहरुका असिमित इच्छा, चाहाना र आवश्यकताको परिपूर्ती गर्दै समानुपातिक र सन्तुलित विकास गर्नु र गाउँपालिकाले लिएको जुन लक्ष्य, योजना र गतिका साथ जनतालाई छिटो छरितो सेवा प्रवाह गर्ने र द्रुत गतिमा  विकास अघि बढाउने कार्य निकै नै कठिन र चुनौतिपूर्ण छ भन्ने कुरामा हामी सबै बिदितै छौं । तथापी स्थानीय तह जनताका लागि सबैभन्दा नजिकको आस्था र भरोसाको केन्द्र भएकोले यी सबै कुराहरु र परिस्थितिलाई मध्यनजर गर्दै कृषि, स्वास्थ्य, शिक्षा, आर्थिक विकास, रोजगारी, गरिवी निवारण र पूर्वाधार क्षेत्रलाई नै मुख्य आधार बनाई नीति तथा कार्यक्रम तयार गर्ने प्रयास गरिएको छ ।

**यस सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,**

स्थानीय तहमा हामी निर्वाचित भएर पनि एक वर्षे कार्यकाल समाप्त भईसकेको छ । वार्षिक कार्यक्रमहरु सम्पन्न भईसकेको र क्रमागत रुपमा रहेका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न आवश्यक ठानेको छु । एक वर्षको कार्यकालमा पूर्ण रुपमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु र समुन्नत गाउँपालिका निर्माण गर्नका लागि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा पनि गर्दछु । त्यसै  गरी यस रावा बेसी गाउँपालिका स्थापना गर्न आफ्नो मन, बचन, कर्म र धनले अहोरात्र खटिई सहयोग तथा योगदान पुर्याउनुहुने महानुभावहरुलाई सम्मान गर्न चाहान्छु ।

**यस सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,**

आगामी वर्ष २०८०/०८१  को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन,२०७४, संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानून, कार्यविधि तथा मापदण्ड, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको स्रोत साधन विकासका अन्तर सम्बन्धीत विषयहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरिएका प्रतिबद्धताहरुलाई आधारको रुपमा लिएको छु ।

अब म रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ का प्रमुख नीति तथा  प्राथमिकाताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहान्छु ।

१. गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य र मध्यमकालिन खर्च संरचना (MTEF) बीच तालमेल हुने  गरी योजनालाई प्राथमिकता दिने नीति लिईनेछ।
२. स्थानीय तहको आम्दानी बढाउन विभिन्न क्षेत्र पहिचान गरी राजश्वको दायरा विस्तार गरिनेछ ।
३. स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
४. गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
५. सिमा निर्धारण भएका विषय र बजेटको अधिनमा रहेर मात्र बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ ।
६. गरिबी निवारणमा टेवा पुर्याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन  गरिनेछ।
७. बजेट कार्यान्वयनको लागि बजेट क्यालेन्डर बनाईनेछ र कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकास नीति**

**क) कृषि तथा पशुपन्छी विकास**

**"कृषि तथा पशुपालनमा आत्मनिर्भर गाउँपालिका"**

१. महामारीको रुपमा फैलिएको लम्पी रोग विरुद्ध लड्न आवश्यक खोपको व्यवस्था गरिनेछ साथै अन्य रोगहरु रेविज, खोरेत लगायतका सङ्क्रामक रोगहरु नियन्त्रका लागि आवश्क व्यवस्था मिलाईने छ ।

२. उन्नत जातका बोका तथा राँगाहरुमा लगानी गरी पशु व्यावसायमा नस्ल सुधार गरिनेछ।

३. व्यावसायिक रुपमा कुखुरा तथा पशु पालन गर्ने कृषकहरलाई निशुल्क प्राविधिक सहयोग गर्नुका साथै आवश्क अनुदानको व्यवस्था गरिनेछ।

४. कृषि नीति तथा कृषि आवधिक योजना अनुसार कृषि तथा पशुपंक्षी क्षेत्रमा योजनावद्ध विकास गरिनेछ । कृषिमा गरिएको लागानीको प्रतिफलको समिक्षा गरेर आवश्यक क्षेत्रमा बजेट बिनियोजन गरिनेछ ।गाउँ गाउँमा कृषि विज्ञहरु झिकाई अध्ययन अनुसन्धान पछि उपयुक्त बालीहरु लगाउन प्रोत्साहन गरिनेछ।

५. पालिकाभरी कृषि आधुनिकीकरण कार्यक्रम लागु गरिनेछ।

६. एक क्षेत्र एक उत्पादन केन्द्र निर्माण गरी किसानलाई आयआर्जमा जोड्ने नीति लागु गरिनेछ । पालिकाभित्र तेलहन खेती जस्तै तोरी, सुर्यमुखी, बदाम, फिलुङ्गे आदिलाई बढवा दिईनेछ ।

७. परम्परागत बिउ बिजनको संरक्षण गरिनेछ।

८. पालिकामा निर्माणाधिन चिस्यान केन्द्रको मापदण्ड पूरा गरी सञ्चालन गरिनेछ।

९. कृषि औधोगिक ग्राम निर्माण, तोरीको तेल, लिची जुस, अदुवाको चकलेट दुना टपरी निर्माण आदी मार्फत व्यवसायीकरण गरिनेछ।

१०. रावा बेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रमा लगानी बृद्धि गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र वैज्ञानिक कृषि प्रणालीतर्फ यान्त्रीकरण उन्मुख गर्ने नीति लिईनेछ । कृषकलाई सहजता प्रदान गर्न ५० देखि ८५ प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण वितरण गरिनेछ । सहकारी र सामुहिक खेतीलाई विशेष प्रोत्साहन गरिनेछ।

११. जैविक सुरक्षाका मापदण्ड पालना गर्ने गरी व्यावसायहरुको स्थापना तथा विकासमा जोड दिई प्राङ्गारिक खेती प्रणालीमा आवश्यक सहयोग गरिनेछ।

१२. बाली क्लिनिक र माटो परीक्षण सहित माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१३. नगदे बाली जस्तैः अदुवा, बेसार, अलैंची लसुन, प्याज उत्पादनका लागि पकेट विशेष कार्यक्रम पहिचान गरी यसको उत्पादनमा विशेष जोड दिइनेछ ।

१४. रावा बेसी क्षेत्रमा रहेका बाँझो जमिनलाई उपयोग गर्ने गरी आर्थिक वर्ष २०८०।८१ मा कपास खेतीको थालनी गरिनेछ।

१५. एक घर एक करेसा बारीको अवधारणा अघि सारिनेछ ।आय आर्जनमा बढवा दिन बेरोजगार महिलाहरुलाई करेसाबारी खेती तर्फ प्रोत्साहन गरिनेछ।

१६. कृषि तथा पशुपालकको व्यावसायिक लगानीको सुरक्षाका लागि आवश्यक मापदण्ड तयार गरी कृषि बाली बीमा, पशु बीमा कार्यक्रमलाई बढवा दिई कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समुहगत वा व्यावसायिक कृषिसँग जोडिनेछ ।

१८. कुखुरा, भैंडा, बाख्रा राँगा, बँगुर आदि पालनमा विशेष प्रोत्साहन गरी रावा बेसी गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

१९. मौरीपालनका लागि आधुनिक मौरीका घार वितरण गरी विशेष प्रोत्साहन गरिनेछ भने माछापालनका लागि राम्रा जातका माछाका भुरा वितरण गरिनेछ।

२०. कृषक, उद्यमी वा व्यवसायीहरुलाई आधुनिक प्रविधिमा आधारित व्यवसाय स्थापना गर्न प्रेरित गरिनेछ ।

२१. सिंचाइ सुविधा उपलब्ध नभएका स्थानहरुमा साना सिंचाइ, लिफ्ट सिंचाइ, सिंचाइ पोखरी साथै प्लाष्टिक पोखरी निर्माण गरी क्रमशः सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।

२२. कृषक परिचय पत्रका आधारमा वर्गीकृत कृषकहरुलाई समावेशी सहभागिता सहित वर्गीकृत पकेट, ब्लकको योजना निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२३. गाउँपालिका भित्र उत्पादित कृषि उपज तथा पशुपंक्षीको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार बिक्री मूल्य कायम गरिनेछ।

२४. गुणस्तरीय बिउ बिजन नर्सरी उत्पादनमा जोड दिँदै भकारो सुधार र कम्पोष्ट मलमा विशेष जोड दिइनेछ।

२५. पालिका स्तरीय हाटबजारलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ ।

२६. सबै वडामा व्यवस्थित पशु ल्याबको क्रमशः विकास गरिदै लगिनेछ।

**ख) उद्योग**

१. स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको सञ्चालन र बिस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ।

२. तेलहन बाली प्रशोधन गर्नको निमित्त तेल पेल्ने मिल स्थापना गरी कृषकहरुलाई सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुने र स्थानीय १० जना भन्दा बढी व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदान तथा राजश्व छुट गरी प्रोत्साहन गर्ने नीति लिईनेछ।

४. संघीय सरकारले अघि सारेको औद्योगिक ग्रामको स्थापनाको कार्यलाई नीजि क्षेत्रको सहकार्यमा अगाडी बढाउन सम्भाव्यता अध्ययन गरिनेछ।

**ग) सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास र रोजगारी**

**"गाउँपालिकामा भएको स्थानीय श्रोतको पहिचान, रोजगारी सृजना गरी आत्मनिर्भर बनाउने अभियान"**

१. रावा बेसी गाउँपालिकामा भएका सहकारी संस्थाहरुलाई सक्रिय बनाई (COPOMIS) मार्फत सञ्चालनमा ल्याईनेछ।

२. सहकारी संस्थाहरुलाई गरिबी न्यूनीकरणको एक प्रमुख माध्यम बनाई दिगो विकासको लक्ष्यमा टेवा पुर्याइनेछ।

३. हरेक घरधुरीमा सहकारीको सेवा प्रवाह पुर्याउने नीति लिईनेछ ।

४. सहकारीताको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरीय सहकारी सञ्चालन निर्माणमा पहल गरिनेछ।

५. बजार माग, सम्भाव्यता अध्ययन र श्रोत सर्वेक्षण गरी नयाँ उद्यमी सृजना गरी सीप विकास तालिम कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. उद्यमशीलता विकासका लागि लघुउद्यम कार्यक्रमको माध्यमबाट गरिबी निवारणमा जोड दिईनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिहरुको बेरोजगार लागत संकलन गरी विभिन्न प्रकारका सिपमूलक तालिमहरु जस्तैः सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, कटाई सिलाई, व्यूटीपालर, मोटरसाइकल मर्मत केन्द्र आदि जस्ता कार्यक्रहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै बिउ पूँजी दिने प्रवन्ध मिलाईनेछ र गाउँपालिका तथा यस गाउँपालिकाको क्षेत्रभित्र विभिन्न संस्थाहरुबाट विभिन्न शिपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरुको गाउँपालिकामा अभिलेखिकरण राखिनेछ सो अनुसार अनुभव र रुचीका आधारमा रोजगारी दिने प्रवन्ध मिलाईनेछ।

७. बेत बाँस, निगाँलो आदिको प्रयोग गरेर विभिन्न घरायसी सामाग्री उत्पादनको लागि तालिम दिई उद्यमशिलताको विकास गरिनेछ।

८. अति गरिवहरुको पहिचान गरी निजहरुलाई आयआर्जनका कार्यक्रमको अवसर दिलाई निजहरुको जीवनस्तर कार्यक्रम ल्याइनेछ।

९. बेरोजगार सूचीका व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सय दिन रोजगारी दिने कार्यलाई निरन्तरता दिईनेछ। साथै हालसम्म उक्त कार्यक्रममा नपरेका बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ ।

१०. गैर सरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालनको अनुमति दिँदा विकास र चेतनाको दृष्टिले पिछडिएको क्षेत्रहरुमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

११. मेशिन, औजार उपकरणहरु अनुदान दिई उद्यमीहरुलाई व्यवसाय बिस्तारका लागि सहयोग गरिने छ । भईरहेका लघु उद्यमीहरुको आवश्यकता पहिचान गरी स्तरउन्नति गरिनेछ।

१२. व्यावसायीहरुद्वारा उत्पादित वस्तुहरुको बजारीकरणका लागि सहकारीसँगको समन्वयमा कोसेली घरको अवधारणा लागु गरिनेछ ।

१३. रोजगार सूचना केन्द्रको व्यवस्थापन र सञ्चानमा जोड दिईनेछ । विदेशबाट फर्किएका व्यक्तिहरुमा रहेको ज्ञान, सीप र उद्यमशीलताको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक तथा उपयोग गरी त्यस्ता जनशक्तिलाई स्थानीय तहभित्र उपलव्ध हुने निर्माण, सेवा व्यावसाय, उद्योग, कृषि, लगायतका क्षेत्रका रोजगार दातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने साथै पालिकास्तरीय स्वःरोजगार कोष स्थापना गर्ने व्यवस्था मिलाईने नीति लिईनेछ ।

१४. विपन्न नागरिक आवास कार्यक्रम अन्तरगत संघीय सरकारको सहयोगमा गाउँपलिका भित्रका सबै फुसका छानाहरुलाई बिस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यसका लागि गरिब घर परिवार पहिचान गरी क्रमश गरिदै लगिनेछ ।

१५. बालिका तथा किशोरी बचत कार्यक्रम सञ्चालन गरिनेछ।

१६. सिमेन्टका पोल, ब्लक, ढुङ्गा कटिङ कार्य, जस्ता निर्माण सामाग्रीको तालिम सञ्चालन गरिने छ । जङ्गलमा भएका अमला, आँप, हर्रो बर्रो, जस्ता उत्पादनबाट अचार, तितौरा, औषधी बनाउने तालिम दिई उत्पादित वस्तुको बजारीकरण गर्न सहयोग गरी रोजगरी सृजना गरिनेछ।

१७. **(IEE)** सम्पन्न गरी सकिएकोले नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा ठेक्का मार्फत सञ्चालन गरिनेछ।

१८. परम्परागत पेशा व्यवसाय जस्तैः फलाम जन्य सामान बनाउने, बाजा बजाउने, जुत्ता चप्पल बनाउने, कपडा सिलाउने कार्यलाई प्रोत्साहन गरी उत्पादित सामानको बजारीकरण गर्न सहयोग गरी रोजगारी सृजना गरिनेछ ।

१९. खोलामा करेन्ट लगाएर माछा मार्ने कार्यलाई दण्डित गरी नियन्त्रण गरिनुका साथै परम्परागत शैलीले माछा मारेर जीविका निर्वाह गर्ने समुहलाई अहिले आएको आधुनिक जाल, बल्छी अनुदान दिई माछा मार्न प्रोत्साहन गरी यसले रोजगारी सृजना गरिनेछ।

२०. अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरुलाई सीप सिकाई आत्मनिर्भर्तामुखी रोजगार सृजना गरिनेछ।

**<u>घ) पर्यटन विकास</u>**

१. रावा बेसी गाउँपालिकामा पर्यटकीय पदमार्गहरुको पहिचान गरी पदमार्ग निर्माण गर्न आवश्यक योजना तर्जुमा गरिनेछ।

२. योजना सञ्चालन हुन गईरहेको दुधकोशी हाइड्रो पावरलाई मध्यनजर राख्दै यस गाउँपालिका भित्र निर्माण गर्न सकिने पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक गुरुयोजना निर्माण गरी निजी क्षेत्रको सहभागिताका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

३. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन उच्च प्राथामिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरञ्जन, हावापानी अनुकुलन आदि उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ।

४. रावा बेसी गाउँपालिकाका महत्वपूर्ण धार्मिक स्थल र पर्यटकीय स्थलहरु भएको प्रोफाइल तथा ब्रोसर निर्माण गरी प्रचार प्रसार गरिनेछ।

५. स्थानीय कला शैलीमा आधारित नमूना घरको डिजाईन गरी गाउँपालिका भरी नमूना घर बनाउन प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी नीति**

**<u>क) शिक्षा सम्बन्धी</u>**

**"स्मार्ट स्कुल धारणा, गाउँपालिका स्तरीय अधिकार सम्पन्न शिक्षा समिति तथा स्कुल सुधार योजना"**

१. गाउँपालिका भरीका विद्यालय सुधारको मापदण्ड **(Ranking)** नीति बनाइने र सबै विद्यालयहरुको नियमित अनुगमन सुपरिभिजन गरिनेछ ।यसबाट विद्यालयको कमीकमजोरी पत्ता लगाई अभिभावकको सोंच परिवर्तन गरिनेछ।

२. एजुकेशन एप्सको **(Education Apps)** निर्माण र विकास गरिनेछ । गाउँपालिका भरीका २८ वटै सामुदायिक विद्यालयको अनुगमन गरिनेछ । जसमा शिक्षकको १० देखि ४ बजेसम्म आएको र गएको समयको हाजिरी, शिक्षक र विद्यार्थीको

हरेक गतिविधिको सि.सि. क्यामेराबाट निगरानी र हरेक गतिविधिको फोटोहरुको इ-ग्यालरी, प्रत्येक विद्यार्थीले दैनिक रुपमा गरेको गृहकार्यको पालिका, विद्यार्थी, शिक्षक, अभिभावक सबैले हेर्न मिल्ने ई-ग्यालरी, शिक्षक विद्यार्थीको उपस्थितिको गाउँपलिका बाटै मुल्याङ्कन देखि सम्पूर्ण अनुगमन उक्त एप्स मार्फत नै गर्ने व्यवस्था मिलाइदै लगिनेछ ।

३. जगेडा तथा स्वयमसेवक शिक्षकको लागि विभिन्न विश्वविद्यालयहरुसँग तथा कलेजहरुसँग सम्झौता गरी विषयगत दक्ष शिक्षक भित्र्याइने छ ।

४. गाउँपालिकामा उत्पादित छालाको जुत्ता खाँडी तथा अन्य कपडा विद्यालय पोशाकको रुपमा पालिका भरीका विद्यालयमा लागु गर्न जोड दिइनेछ।

५. विद्यार्थीको दिवा खाजामा अखाद्य वस्तुलाई निरुत्साहित गरी गाउँमै उत्पादित र पोषणयुक्त खाजामा जोड दिईनेछ। विद्यालयहरुलाई प्रदान गरिएको छात्र/छात्रावृती दिवा खाजा जस्ता अनुदानको उच्चतम प्रयोग भए नभएको सम्बन्धमा सूचकहरु बनाई अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

६. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरुलाई निश्चित मापदण्ड तोकी मिलान **(Merge)** गरिनेछ।

७. कक्षा पाँच देखि ९ सम्म परीक्षाका प्रश्नपत्र विज्ञ मार्फत पालिकाबाट निर्माण गर्ने तथा उत्तर पुस्तिका परीक्षण गर्ने आवश्यक प्रवन्ध मिलाईनेछ।

८. विद्यार्थीका गुनासाहरु सुनुवाई गर्न तथा समस्या समाधान गर्न विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ।

९. सबै सामुदायिक विद्यालयहरुमा कम्पाउण्डिङ तथा तारबारको काम क्रमशः पूरा गरी कम्पाउण्डभित्र राम्रो फुलबारी बनाउन अभियान चलाइनेछ ।

१०. सेनिटरी प्याडको निःशुल्क वितरण कार्यलाई थप व्यवस्थित गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुमा सबै शिक्षकहरुलाई नियम पालना गराउन र गाईड गर्ने कामको लागि **(Cordinator)** शिक्षकको व्यवस्था गरिनेछ।

१२. सबै माध्यामिक विद्यालयमा भएका प्रयोशालालाई थप व्यवस्थित गरिने र आधारभूत तहमा पनि थप प्रयोगशालाहरुको व्यवस्था क्रमशः गरिनेछ।

१३. प्रत्येक माध्यमिक विद्यालयहरुमा क्रमशः ई–लाइब्रेरी जडान गरिनेछ ।

१४. दलित, जेहेन्दार, विपन्न र बहुमुखी प्रतिभा भएका विद्यार्थी छनौट गरी प्राविधिक शिक्षाको लागि छात्रवृति प्रदान गरिनेछ ।

१५. बुहारी शिक्षा नीति तथा सामूदायिक सिकाई केन्द्रमार्फत महिला साक्षरता कक्षा तथा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चलन गरिनेछ ।

१६. प्रत्येक समुदायिक विद्यालयमा कम्प्युटर शिक्षकको दरबन्दी कायम गर्ने र प्रत्येक माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्दै लगिनेछ ।

१७. बाल विकास कक्षाका सहजकर्ताहरुको क्षमता विकास गर्न मन्टेश्वरी तालिम सञ्चालन गरिनेछ । साथै हालसम्म बाल विकास कक्षा सञ्चालन नभएका विद्यालयहरुमा सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

१८. विद्यालयमा सञ्चालित कम्प्युटर ल्यावमा बिग्रेर बसेका कम्प्यूटर तथा अन्य सामग्री मर्मतको लागि आवश्यक प्राविधिक टोली गाउँपालिकाबाट सबै विद्यालयमा पाठाईनेछ । साथै हरेक विद्यालयका कम्प्यूटर शिक्षकहरुलाई आवश्यक आधारभूत तालिम प्रदान गरिनेछ।

१९. रावा बेसी गाउँपालिकाका सबै आधारभूत विद्यालय तहको भर्ना दर शत प्रतिशत तथा कक्षा छोड्ने दर र कक्षा दोहोर्याउने दर शून्य बनाउन आवश्यक पहल गरिनेछ।

२०. रावा बेसी गाउँपालिका भित्रका २८ ओटै सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सेवा सञ्चालनमा रहेकोले त्यसलाई पूर्ण व्यवस्थित गर्दै लगिनेछ । विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाई पठनपाठनलाई समेत प्रविधिमैत्री बनाउन जोडदिईनेछ साथै सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगबाट डिजिटल कक्षा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

२१. सामुदायिक विद्यालयहरुको भवन तथा भौतिक पूर्वाधार सुधार तथा निर्माणमा विशेष जोडदिईनेछ । भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री, र प्रविधिमैत्री कक्षाकोठा धारा शौचालय साथै प्रत्येक विद्यालयमा छात्रामैत्री शौचालय आदि बनाउन जोड दिईनेछ।

२२. विद्यालयहरुमा बाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनुका साथै बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समुहहरुको परिचालनमा जोड दिईनेछ।

२३. बहुभाषिक शिक्षण पद्यती अवलम्बन गरी मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।आधारभूत तहमा स्थानीय पाठ्यक्रम समेत लागु गरी स्थानीय भाषाको संरक्षण गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

२४. निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिईनेछ।

२५. उत्कृष्ट शिक्षक विद्यार्थीलाई प्रोत्साहन गर्न शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. नेपालको संविधान बमोजिम माध्यमिक तह (कक्षा १२ सम्म) को शिक्षा पूर्णरुपमा निशुल्क गरिनेछ।

२७. सबै शिक्षक तथा कर्मचारीहरुको परिचयपत्र निर्माण तथा वितरणको कार्य गाउँपालिकाबाट गरिने व्यवस्था मिलाईनेछ ।

२८. बाल विकासका सहयोगी कार्यकर्ता र सामुदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरुलाई प्रदान गरिदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिँदै लगिनेछ ।

२९. समुदायिक विद्यालयका प्रधानाध्यापकहरुको थप प्र.अ. भत्ताको व्यवस्थालाई निरन्तरता दिनुका साथै विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाई समेत आधार बनाई उत्कृष्ट विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ। प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लङ्घन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा राख्ने नीति लिईनेछ।सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ।

३०. रावा बेसी गाउँपालिका भित्रका प्रस्तावित मा.वि. तथा आधारभूत विद्यालयमा कार्यरत निजी शिक्षकहरुलाई दिईदै आएको पालिका अनुदानलाई निरन्तरता दिइनेछ।

३१. रावा बेसी गाउँपालिकाको शिक्षा ऐनमा र नियमावलीमा आवश्यक परिमार्जन गर्दै लगिनेछ । शिक्षा ऐन तथा नियामावली बमोजिम आवश्यकता अनुसार शिक्षक दरवन्दी व्यवस्थापन तथा मिलानको नीति अवलम्बन गर्दै लगिनेछ । आवश्यकताको आधारमा शिक्षकहरुलाई पालिका भित्रका विद्यालयहरुमा सरुवा गरिनेछ।

३२. करार सेवामा नियुक्त शिक्षकहरलाई कार्यसम्पादन मूल्यङ्कनका आधारमा प्रत्येक ६/६ महिनामा गाउँपालिकाबाट करार थप गरिने छ र यसरी करार थप नभएका शिक्षकहरुको स्वतः करार सेवा समाप्त भएको मानिने नीति अवलम्बन गरिनेछ।

३३. भुईँ ढलान हुन बाँकी सबै सामुदायिक विद्यालयहरुको भुँइ ढलान कार्यलाई प्राथमिकिकरण गरी क्रमशः सबै विद्यालयलाई धुलो मुक्त बनाउँदै लगिनेछ।

३४. शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयका प्र.अ. र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतबीच तथा शिक्षक र प्र.अ. बीच कार्यसम्पादन करार गरी लागु गरिनेछ।

३५. सबै शिक्षा नीति पूरा गर्न शिक्षा क्षेत्रको समग्र विकासका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ र शैक्षिक गुरुयोजना तयार गरिनेछ ।

**ख) स्वास्थ्य र सामाजिक सुरक्षा**

१. गाउँपालिका स्तरीय स्वास्थ्य प्रणालीको विकास गरी सबै वडाहरुमा रोकथाम, परिक्षण, उपचार, पुनःस्थापना सहितको गाउँ स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना र विशेषज्ञ सेवा सहित गाउँपालिका स्तरीय चलिरहेको अस्पतालको व्यवस्थापनमा जोड दिईनुका साथै ल्याबलाई व्यवस्थित गर्दै इ.सि.जि. र एक्स-रे समेत सञ्चालनमा ल्याई इ.सि.जि., एक्स-रे र भिडियो एक्सरे गर्न सहजता प्रदान गरिनेछ।गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रको पूर्वाधार सुधार गर्दै उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गर्दै लगिनेछ ।

२. आधारभूत स्वास्थ्य सुविधालाई सरल सुनिश्चित व्यवस्थित र पहुँचयोग्य बनाउनका लागि सबै स्वास्थ्य चौकीहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ । स्वास्थ्य संस्था निर्माण हुँदा अपाङ्गमैत्री बनाइनेछ।

३. सबै नागरिकलाई स्वास्थ्य बिमामा आवद्ध गर्दै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अति विपन्न लगायत विशेष समुहलाई सम्बोधन गर्न सामाजिक सुरक्षाका विशेष कार्यक्रम ल्याइनेछ ।

४. पूर्णअपाङ्ग, अतिअशक्त, ८० वर्ष माथिमा जेष्ठ नागरिक र प्रसुति हुन लागेका गर्भवती महिलालाई गाउँपालिका भरिका स्वास्थ्य संस्थामा जान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

५. स्वास्थ्य चौकीबाट टाढा रही आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित भएका स्थानहरुमा दरवन्दी सहितको आधारभूत स्वास्थ्य केन्द्रको स्थापनामा जोड दिइनेछ ।

६. गाउँपालिकाको कार्यालयमा रेविज, टिटानस बिरुद्धको खोपको कोल्डचेन्ज (भ्याक्सिन) राख्न व्यवस्थापन गरिनेछ।

७. रावा बेसीका सबै स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर सञ्चालनको व्यवस्था गरी घरमा हुने सुत्केरीलाई शुन्य दरमा झार्दै सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

८. पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ र यसको दिगोपनालाई सुनिश्चित गर्दै गाउँघर क्लिनिक र खोप केन्द्रहरुलाई बिस्तार तथा व्यवस्थित गरिनेछ।

९. मातृ तथा शिशु मृत्युदर कम गर्न सुत्केरी भेटघाट कार्यक्रम र गर्भवती महिला जाँच तथा पोषण कार्यक्रममा जोड दिइनेछ। सुत्केरी जाँचका लागि नोटिफिकेशन पठाउने मोवाईल एप्लिकेशन प्रयोगमा ल्याईनेछ ।

१०. महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

११. दुरदराजमा रहेका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न मासिकरुपमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१२. महामारी तथा संक्रमित रोग विरुद्ध रोकथामको पूर्वतयारी कार्यक्रमलाई जोड दिईनेछ। विभिन्न संस्थाहरुको सहकार्यमा ग्रामीण महिलालाई मध्येनजर गरी आङखस्ने रोगको लागि स्वास्थ्य शिविर र अन्य आवश्यकता अनुसार स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरी उपचार गर्ने प्रवन्ध मिलाईनेछ ।

१३. मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि सचेतना तथा सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

१४. अति विपन्न र विपन्न परिवारलाई परिचयपत्र वितरण गरी त्यसको आधारमा स्वास्थ्य संस्थामा विशेष छुट हुने व्यवस्था मिलाइनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुलाई वितरण गर्दै आएको निशुल्क औषधीको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६. रावा बेसी गाउँपालिका वडा नं. २ खार्पामा निर्माणाधिन १० शैयाको अस्पताल तोकिएकै समयमा सम्पन्न गर्न गराउन आवश्यक पहल गरिनेछ।

१७. स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ।

**ग) खानेपानी तथा सरसफाइ**

१. "स्वच्छ पानी एक घर एक धारा" भन्ने मूल नाराकासाथ सबै नागरिकलाई स्वच्छ गुणस्तरीय खानेपानी सहज र सरल रुपमा उपलब्ध गराउन पहल गरिनेछ । जसका लागि थप मुहान संरक्षण भुमिगत योजना र आवश्यकता अनुसार लिफ्टिङ योजना सञ्चालन तथा विस्तार गरी खानेपानीको दिर्घकालिन समाधानमा विशेष पहल गरिनेछ ।

२. सुख्खा क्षेत्रमा समेत खानेपानी पुर्याउनको लागि अन्य विकल्पको खोजी गरी बजेटको व्यवस्था गरिनेछ।

३. टुक्रे खानेपानी योजना सञ्चालनमा निरुत्साहित गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरी आयोजानाको रुपमा सञ्चालन गरिनेछ ।

४. गाउँवासीहरुलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम मार्फत चेतना अभिवृद्धि गराउन तालिमको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्रभित्रका सबै घरधुरीहरुले शौचालय निर्माण गरे नगरेको बारेका खोजी गर्न कार्यक्रम सञ्चालन गरिनेछ । शौचालय नभएमा दण्डित गरिने र अति विपन्नलाई शौचालय निर्माणमा अनुदान समेत दिइनेछ । गाउँपालिकाको उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

६. स्वास्थ्य तथा सरसफाई सम्बन्धी सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा सञ्चालन गरिनेछ । यस गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणाका लागि आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने नीति लिईनेछ।

७. सार्वजनिक, खुला स्थानमा वृक्षारोपण तथा हरियालीको संरक्षण, पुःनस्थापना तथा बिस्तार गरिनेछ।

**घ) संस्कृति, साहित्य र कला**

१. गाउँपालिका भित्र रहेका मठ मन्दिर, चौतारा, कुवा, पाटीपौवा, गुम्बा, चैत्य, घाट आदी निर्माण आफ्नै गाउँपालिकाको कला शैलीमा स्थानीय सामान प्रयोग गरी निर्माण गर्ने र धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला सँस्कृतिको संरक्षण गर्न विशेष जोड दिइनेछ।

२. लोपोन्मुख भाषा, धर्म, सँस्कृतिको संरक्षणमा सहयोग गरिनेछ। साथै मठ, मन्दिर, गुम्बाको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३. रावा बेसी गाउँपालिका वडा नं. ४ को कोटगढी र वडा नं. ६ को प्रिमाकोटगढी जस्ता ऐतिहासिक धरोहरहरुलाई योजना बनाई विशेष संरक्षण गरिनेछ र पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।

४. गाउँपालिका भित्र बसोवास गर्ने सबै जातजातीहरुको भाषा, कला, साहित्य, संगीत र सँस्कृतिको वर्ण र लिपीको अनुसन्धानात्मक कार्य सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

५. मौलिक ज्ञान, भाषा, जात्रा, बाजागाजा, चाडपर्व, मेला, ग्रन्थ, पेशा, गुठीलाई समुदायको अपनत्व र संलग्नतामा सम्वर्द्धन तथा संरक्षण गरी पर्यटनसँग जोडिनेछ ।

**ङ) सामाजिक समावेशिकरण**

१. गाउँपालिकाका सबै महिलाहरुलाई कुनै न कुनै आय आर्जनका क्षेत्रमा आबद्ध भईरहन प्रोत्साहन गरिनेछ यसका लागि महिलाहरुको क्षमता अभिवृद्धिका लागि आधुनिक सिप तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. सासु बुहारी संवाद कार्यक्रम सञ्चालन गरी पारिवारिक तनाव कम गराउने नीति लिईनेछ ।

३. महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि महिलासँग सम्बन्धीत संघ संस्थाहरुको सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न जोड दिईनेछ ।

४. समाजमा अझै पनि घरेलु हिंसाका घटनाहरु मौलाईरहेकोले महिला माथि हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । हिंसा पिडित महिलाहरुलाई उनीहरुको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ। यस्ता कार्यलाई दण्डनीय बनाइनेछ ।

५. विपन्न गरिब तथा एकल महिलाहरुको लागि सिप विकास तथा उत्पादनमूलक आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. एकल, विधवा महिलाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको क्षमता बृद्धि र आय आर्जनको लागि आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

७. गाउँपालिका भित्रका ४५ वर्ष भन्दा माथिका विधुर पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता अन्तरगत विधुर भत्ता दिने नीतिलाई निरन्तरता दिँदै यसमा ५० प्रतिशतले वृद्धि गरी लागु गरिनेछ।

८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सबै किसिमका लाभग्राहीहरुलाई गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता परिचयपत्र वितरण गरिनेछ।

९. गाउँपालिका क्षेत्रभित्रका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक रुपले सशक्तिकरण गर्दै विकासमा समान सहभागिताको अवसर सृजना गरिनेछ।

१०. बाल विकासका सूचकहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडामा बाल क्लबहरु गठन गरी बाल विवाह बाल शोषण न्यूनीकरण गरी बाल श्रममूक्त बनाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

११. गाउँपालिकाका सबै वडाहरुमा युवा क्लबको गठन गरी विपद व्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा परिचालन गरिनेछ । युवा सशक्तिकरणका लागि रणनीति तयार गरी नेतृत्व विकास उद्यमशिलता विकासमा उत्प्रेरित गरिनेछ।

१२. जेष्ठ नागरिकहरुलाई विशेष सम्मानका कार्यक्रमहरु राखिनेछन् र उनीहरुको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्ने नीति लिइनेछ।

१३. करुणा फाउण्डेशन र प्रदेश सरकारसँग सहकार्य गरी गाउँपालिकाका सबै वडामा अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

१४. जेष्ठ नागरिक तथा अपाङ्ग कार्डलाई अद्यावधिक र वितरण गरिनेछ । जेष्ठ नागरिक भेटघाट स्थलको लागि जेष्ठ नागरिक प्रतिक्षालय निर्माणलाई निरन्तरता दिइनेछ ।

१५. आदिवासी जनजातीहरुको भाषा तथा साँस्कृतिक सम्पदाहरुको जगेर्ना गर्न विशेष कार्यक्रमहरुको व्यवस्था गरिनुका साथै आदिवासी जनजाती ऐतिहासिक संग्राहलय निर्माण गर्न विशेष पहल गरिनेछ । आदिवासी, जनजातीको हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न सिपमूलक, चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१६. लैङ्गिक एवम् जातीय छुवाछुत विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । जातीय छुवाछुतलाई दण्डनीय बनाइनेछ ।

१७. दलित र पिछडा वर्ग र समुदाय विपन्न वर्गको जीवनस्तर उकास्न विशेष पहल गरिनेछ । उनीहरुको उत्थानका लागि विशेष लक्षित सिपमूलक र चेतनामूलक कार्यक्रमको व्यवस्था गरिनेछ।

**च) युवा, खेलकुद तथा मनोरञ्जन**

१. युवा जनशक्तिलाई विभिन्न प्रकारका सामाजिक क्रियाकलापमा लगाइने र उनीहरुमा भएको युवा जोस जाँगर क्षमता र सिपको अधिकतम उपयोगको लागि आवश्यक योजना निर्माण गरी बेरोजगार युवाहरुलाई उद्धमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि विशेष अभिमुखीकरण कार्यक्रमको व्यवस्था गरिनेछ।

२. बैदेशीक रोजगारीबाट फर्किएका युवाहरुको सीपलाई अधिकतम रुपमा गाउँपालिकाको विकास तथा उन्नतीमा उपयोग गरिनेछ।

३. हाल पछिल्ला वर्षहरुमा बालबालिका र युवाहरुमा धुम्रपान, मदिरापान र लागूऔषध कुलतमा फस्नेको सङ्ख्या बढ्दै गएकोछ यसलाई नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यूवा वर्गलाई नै नियन्त्रणको लागि परिचालन गरिनेछ। साथै यस्तो कार्यलाई दण्डनीय बनाइनेछ ।

४. यूवाहरुलाई सीप तथा तालिमको माध्यमबाट स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन हुने गरी आवश्यक सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. खेलकुद क्षेत्रको विकासका लागि गाउँ स्तरीय खेलकुद विकास समितिलाई क्रियाशील बनाई खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ । साथै खेल प्रशिक्षकको व्यवस्था गरी युवाहरुलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

६. राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न युवा लक्षित खेलकुद कार्यक्रम सञ्चालन गरी खेलका विभिन्न विधामा वार्षिक रुपमा गाउँपालिका स्तरीय तथा अन्तरपालिका स्तरीय खेलकुद कार्यक्रमको सञ्चालन गरिनेछ।यस गाउँपालिकालाई राष्ट्रिय स्तरका खेलाडी उत्पादनको हवको रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

७. गाउँपलिकाको पायक पर्ने स्थानमा व्यायमशालाको निर्माण गरिनेछ।

८. रावा खोलाको पानीलाई उपयोग गर्ने गरी पौडी पोखरी निर्माण गर्न पहल गरिनेछ।

९. पालिका स्तरीय खेल मैदानको निर्माण कार्यलाई तिब्रता दिईनेछ र प्रत्येक वडाहरुमा निर्माण भएका खेलकुद मैदानको व्यवस्थापन गर्दै लगिनेछ ।

१०. स्थानीय युवा परिषद नीति तथा कार्यविधि तयार गरी युवालक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**छ) पूर्वाधार विकास नीति**

१. पूर्वाधार तर्फ ठुला सडक र भिरमा बाहेक सम्पूर्ण स्थानीय तथा कृषि सडक निर्माणमा एक्जाभेटर प्रयोगमा रोक लगाई स्थानीय उपभोक्ताबाट नै निर्माण कार्य गराई पालिकाको पैसा जनताको घरसम्म पुर्याउने व्यवस्था लागु गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र सबै खालको पूर्वाधारको निर्माणमा मौलिक ज्ञान, प्रविधि र सामग्रीको प्रयोगको लागि प्रेरित गरिनेछ।

३. पूर्वाधार निर्माण, विस्तार र मर्मत सम्भारका लागि अविलम्व कार्य गर्न सक्ने गरी संस्थागत क्षमताको विकास गरिनेछ।

४. दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना निर्माणसँगै ६ वटै वडाहरुलाई समेट्ने गरी रिङ रोडको अवधारणालाई अगाडि सार्ने साथै रावा खोलामा पक्की पुल निर्माण गर्न पहल गरिनेछ।

५. गाउँपालिका अन्तरगतका योजनाहरु सम्झौता गर्ने प्रयोजनका लागि हरेक वडामा समय तोकी २ दिने योजना सम्झौता शिबिर सञ्चालनका लागि व्यवस्था गरिनेछ ।

६. पालिकाभित्र निर्माण भएका बिजुले-लेकखर्क-लामिडाँडा-खार्पा-कुभिण्डे-डुम्रेधारापानी-दुबेकोल सडकलाई कालोपत्रे गर्ने कार्य संघीय सरकारसँग सहकार्य गरी सुरु गरिनेछ।

७. भविष्यमा हुने सवारी चापलाई मध्यनजर गर्दै बसपार्क निर्माण गरिनेछ।

८. भौतिक पूर्वाधार अन्तरगत योजनागत कार्यक्रमहरु कार्ययोजना बनाई कडाईकासाथ लागु गरिनेछ ।

९. आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको सञ्चालन गर्न निरुत्साहित गरिनेछ।

१०. गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरुमा उपलब्धि नदेखिने खालका र धेरै साना साना योजनाहरुलाई निरुत्साहित गरिनेछ।

११. निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी क्रमागत आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण सम्पन्न गरिनेछ।

१२. गाउँपालिका भित्रका सबै सडकहरुलाई मूख्य राजमार्गसँग जोड्ने सडक, अन्तरपालिकासँग जोड्ने सडक, गाउँपालिकाको केन्द्रलाई सबै वडा कार्यालयसँग जोड्ने सडक र ग्रामीण स्तरका सडकमा वर्गीकरण गरी सबै सडकहरुको मापदण्ड र क्षेत्राधिकार कायम गरिनेछ ।सडक अतिक्रमणलाई दण्डनीय बनाइनेछ ।

१३. पूर्वाधार तर्फका रू.६० लाख भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियाबाट सञ्चालन गर्ने र रू.६० लाख मुनिका योजनाहरु मात्र उपाभोक्ता समितिबाट सम्पन्न गर्ने नीतिलाई निरन्तरता दिईनेछ र रू.६० लाख भन्दा माथिका आयोजनाहरुको निर्माण कार्य गर्दा अनिवार्य विद्युतीय बोलपत्र प्रक्रिया मार्फत खरिद गर्ने व्यवस्था मिलाईनेछ सो भन्दा मुनिका योजनाहरु समेतलाई विद्युतीय बोलपत्रमा जोड दिईनेछ । यदि उपभोक्ता समिति गठनमा विवाद भएमा रू.६० लाख भन्दा तलका योजनाहरुलाई पनि प्याकेज बनाई टेण्डर प्रक्रियाबाट निर्माण गरिनेछ।

१४. गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शुन्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिनेछ ।

१५. तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको सञ्चालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होर्डिङ बोर्ड) अनिवार्य राख्नुपर्ने हालको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६. गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने नीति अवलम्बन गरिनेछ साथै बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ लाई लागु गरिनेछ र यस गाउँपलिकाले नक्सा पास प्रक्रियालाई सहज र सरलिकृत गर्ने नीति लिईनेछ ।

१७. आर्थिक वर्ष २०८०।८१ मा यस गाउँपालिकाको प्रशासनिक भवनको निर्माण शुरु गरिने छ र आगामी २ आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिने छ र वडा नं. २, ४ र ६ वडा कार्यालयहरुको भवन निर्माण यसै वर्षबाट थालनी गरिनेछ ।

१८. वडा नं. १ कुभिण्डेको स्वास्थ्य चौकी भवन निर्माण पनि यसै आर्थिक वर्षबाट थालनी गरिने छ।

१९. सामुदायिक कार्यक्रमको लागि समुदायको पायक पर्ने स्थानमा सामुदायिक भवनहरु क्रमशः निर्माण गर्दै लगिनेछ।

२०. यस गाउँपालिकाको खार्पा कुभिण्डे जोड्ने कल्लेरी खोलामा र कुभिण्डे हौंचुर जोड्ने हौंचुर खोलामा पक्की पुलको लागि डि.पि.आर. भईसकेकोले पुल निर्माणको लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

२१. निर्माण कार्यको गुणस्तर मापनका लागि आवश्यक जाँचका विधिहरु प्रविधि निर्माण स्थलमै तथा प्रयोगशालामा आवश्यक पहल गरिनेछ।

२२. सम्भाव्यता अध्ययन हुन बाँकी ठूला सडक, वडा भवन, विद्यालय भवन, खानेपानी आदिको सम्भाव्यता अध्ययन गरिनेछ र निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसँग बजेट माग गरिनेछ।

२३. सहज रुपमा हिंडडुल गर्न गोरेटो बाटोहरुको निर्माण गरी पैदलयात्री केन्द्रित गाउँको रुपमा गाउँपालिकाको विकास गरिनेछ।

२४. तोरी खेती तथा तेलहन बाली प्रवर्द्धन गर्न आवश्यक तेल पेल्ने मिल स्थापना गरिनेछ ।

२५. बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गर्दै लगिनेछ, विभिन्न स्वास्थ्य कार्यालय तथा विद्यालयमा सोलार बत्ती जडान गरिनेछ। साथै आवश्यकता अनुसार सौर्य सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा नीजि क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा बिस्तार योजना सञ्चालनमा जोड दिइनेछ ।

२७. टेलिफोन सुविधा नपुगेका ठाउँमा टेलिफोन सुविधा पुर्याउन र (4G) इन्टरनेट सुविधा दिन टावरको माग गरिनेछ ।

**झ) वातावरण तथा विपद व्यवस्थापन नीति**

१. विपद व्यवस्थापन सम्बन्धी कानून, मापदण्ड र कार्ययोजना निर्माण गरिनेछ । पूर्वाधार अन्तर्गतका सबै खाले विकासका कामलाई विपद न्यूनीकरण एवम् वातावरणमैत्री ढंगबाट अवलम्बन गर्ने नीति अङ्गीकार गरिनेछ।

२. बढ्दै गईरहेको जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न जलवायु अनुकुलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलाको स्रोतमा न्यूनीकरण फोहोरको पुनः प्रयोग फोहोर प्रशोधन एवम् बिसर्जन कार्य गर्न चेतनामूलक तथा प्रवर्द्धन कार्यक्रम गरी सफा, स्वच्छ, शान्त, हराभरा गाउँपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

४. यस गाउँपालिकाको जलाधार क्षेत्रको दिगो व्यस्थापनको लागि पानी श्रोत संरक्षण, पानीको बहुआयामिक प्रयोग, जडीबुटी खेती प्रवर्द्धन, सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरी वरिपरीको वातावरण हरियाली राख्न विशेष पहल गरिनेछ। पानी प्रदान गर्ने किसिमका बनस्पतिहरुको संरक्षणमा जोड दिइनेछ ।

५. वन जङ्गल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडीबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित व्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दिगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।

६. वन डढेलो नियन्त्रण गर्न सचेतनामुलक कार्यक्रम गरिनेछ।

७. गाउँपालिकाका ग्रामिण बस्तीहरुमा धुँवा रहित चुलो बनाउन अनुदानका कार्यक्रम ल्याई जनस्वास्थ्य वातावरणमा हुने प्रतिकुल असर घटाउने छ ।

८. गाउँपालिका र वडा स्तरिय प्रकोप व्यवस्थापन समितिलाई आवश्यकता अनुसार सक्रिय बनाईनेछ । प्रकोप पूर्व तयारी र योजना निर्माण गरी सोही अनुसार प्रकोप व्यस्थापनका सम्पूर्ण कार्यहरु कार्यान्वयन गरिनेछ।

९. प्रकोप व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरु मौज्दात राखिनेछ । विपदबाट हुने धनजनको क्षती कम गर्न र विपदलाई न्यूनीकरण गर्न सुरक्षा निकाय, रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. बस्ती स्तरको सडकलाई दमकल पुग्न सक्ने बनाउन जोड दिइनेछ।

११. गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषलाई मजबुद बनाउँदै लगिनेछ । यस कोषबाट आवश्यकता अनुसार प्रकोपसँग सम्बन्धीत विषयमा खर्च गरिनेछ।

१२. बसोवासका दृष्टिकोणले रावा बेसी गाउँपालिका क्षेत्रका जोखिमयूक्त ठाउँहरुको नक्शाङ्कन गरिनेछ ।

१३. नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय स्थापना गरी विपद राहत सामाग्री वितरण गरिनेछ ।

**ञ) सुशासन र संस्थागत विकास नीति**

१. व्यवहारमा सत्यनिष्ठा लागू गरी सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रमा सदाचार प्रणालीको विकास गरिनेछ । "म भ्रष्टाचार गर्दिन" म भ्रष्टाचार हुन दिन्न" "म देश र जनता प्रति इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्यसँस्कृतिको प्रर्वद्धन गरिनेछ र भ्रष्टाचारमुक्त उत्कृष्ट गाउँपालिकाको रुपमा रावा बेसी गाउँपालिकालाई स्थापित गरिनेछ।

२. गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाई जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ।

३. यस गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरु विद्युतीय हाजिरीलाई कडाइ गरी गाउँ कार्यपालिकाको कार्यालयमा जडान भएको केन्द्रीकृत उपस्थिती निरीक्षण प्रणाली मार्फत नियमित अनुगमन गरी हाजिरीमा कडाइ गरिनेछ।

४. सबैभन्दा बढी कर सङ्कलन गर्ने र तोकिएको समय सिमाभित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई थप विकास खर्च प्रोत्साहन योजना प्रदान गर्ने नीति लिईनेछ । निर्धारित समयमै काम सम्पन्न गर्ने निर्माण व्यवसायीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।

५. गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

६. गाउँपालिकाका हरेक शाखाहरुको प्रगति समिक्षा गरी उपलव्धीको आधारमा मात्र थप बजेट विनियोजन गरिने छ ।साथै प्रशासनिक खर्चमा मितव्ययीता अपनाईनेछ ।

७. सार्वजनिक खरिदलाई अझ थप पारदर्शी, प्रतिपर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गर्न खरिद इकाईको गठन गरी सोही इकाई मार्फत सम्पूर्ण खरिद कार्य गरिनेछ।

८. कार्यालयको सेवा प्रवाहलाई छिटो छरितो सेवाग्राहीमैत्री एवम् जनमुखी बनाई सुशासन कायम गर्न अधिकतम उपायहरु अपनाइनेछ । लिखित वा मौखिक रुपमा प्राप्त हुन आएका गुनासाहरुलाई उचित सम्बोधन गरिनेछ।

९. गाउँपालिकाले गरेका काम तथा सेवा प्रवाहका विषयमा विभिन्न ६० वटा सूचकहरु बनाई गाउँपालिका क्षेत्रभित्रका नागरिक तथा सेवाग्राहीबाट प्रत्येक ३/३ महिनामा सेवा सन्तुष्टी फाराम भरिने र सो को मुल्याङ्कनका आधारमा सेवा प्रवाहलाई जनमुखी बनाउँदै लगिनेछ ।

१०. गाउँपालिकाका सबै प्रकारका सूचना र कानूनहरु वेभसाइटमा राख्ने साथै पुस्तक प्रकाशन, रेडियो र पत्रिका मार्फत सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिँदै गाउँपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. कार्यालयको जिन्सि, लेखा, योजना, दर्ता चलानी आदिका कामहरुलाई सफ्टवेर मार्फत प्रभावकारी बनाउँदै लगिनेछ।

१२. यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता बैंङ्किङ प्रणाली मार्फत वितरण हुँदै आएको हुँदा सो लाई थप सहज बनाउने उपायहरुको अवलम्बन गरिनेछ।

१३. आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

१४. सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गरिनेछ।

१५. गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरुको निर्माणलाई निरन्तरता दिँदै समयमै स्थानीय राजपत्रमा प्रकाशन गरी सबै नागरिकहरुलाई सुसूचित गराइनेछ । गाउँपालिकालाई विधिको शासन, नियम, कानूनभित्र रही चलाइनेछ।

१६. समय सापेक्ष रुपमा बढ्दो नवीनतम प्रविधि र कानून, कार्यविधि, प्रकृया सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीलाई अद्यावधिक गराउँदै लैजाने क्षमता विकास गर्न तालिमहरु प्रदान गरिनेछ।

१७. कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ । यसलाई मूल्याङ्कनको प्रमुख आधारको रुपमा लिइनेछ ।यसकै आधारमा दण्ड र पुरस्कार दिने नीति अवलम्बन गरिनेछ।

१८. वडा कार्यालयलाई अधिकार सम्पन्न बनाउँदै लगिनेछ ।

१९. न्यायिक समितिबाट भएका निर्णय र सम्पादित कामहरुलाई व्यवस्थित बनाउन बिद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।साथै वार्षिक रुपमा प्रकाशन तथा डिजिटाइजेशन गरिनेछ।

२०. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकासका लागि पुनरताजगी तालिम दिइनेछ । न्याय सम्पादनमा सहजता ल्याउनको लागि परमार्श सेवा मार्फत कानूनी सल्लाहकार नियुक्त गरिनेछ।

२१. रावा बेसी गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुको संगठनात्मक पुनर्गठन (O&M) गरिनेछ।

२२. उपभोक्ता सचेतना अभिवृद्धि कार्यक्रम र स्थानीय वस्तु तथा गुणस्तर परिक्षणका कार्यक्रममा जोड दिइनेछ ।

२३. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सम्पूर्णलाई सुरक्षाको प्रत्याभूती दिलाउने निति अवलम्वन गरिनेछ ।

२४. नेपाल प्रहरीसँग समन्वय गरी समूदाय-प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**ट) राजश्व प्रशासन नीति**

१. आन्तरिक राजश्वलाई व्यवस्थित, पारदर्शी र विश्वासनीय बनाउन, प्रभावकारी अभिलेख राख्न र प्रतिवेदन प्रणालीलाई यथार्थपरक बनाउन राजश्व व्यवस्थापन सम्बन्धी सफ्टवेयर जडान गरिनेछ।

२. गाउँपालिकाको प्रमुख आयस्रोतको रुपमा आन्तरिक आम्दानी हुने क्षेत्रहरुको पहिचान गरी आन्तरिक राजश्व प्रणालीलाई फराकिलो बनाउँदै लगिनेछ ।

३. गाउँपलिका भित्रका विभिन्न व्यावसाय सञ्चालन गरिरहेका सबै उद्योगी, व्यावसायीहरुलाई आ-आफ्नो व्यवसायलाई दर्ता गराई गाउँपालिकामा सूचीकृत गराई राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको खोजिका लागि राजश्व परमर्श समिति र उपसमितिलाई क्रियाशील बनाइनेछ ।

४. विभिन्न संघ, संस्था, समति र व्यक्तिहरुले गाउँपालिकालाई तिर्न तथा बुझाउनु पर्ने कुनै पनि प्रकारका राजश्व बक्यौतालाई ताकेता गरी अशुल गरिनेछ । त्यस्ता व्यक्तिहरुको हकमा गाउँपालिकाले दिने सेवासँग समेत जोड्ने नीति अवलम्बन गरिनेछ।

५. हाल कायम करका दरहरुलाई वस्तुनिष्ठ एवम् वैज्ञानिक बनाउँदै लगिनेछ ।

६. लेखा परीक्षणबाट देखिएका बेरुजुलाई फछ्यौंट गरी बेरुजुलाई शून्यमा झार्ने प्रयास गरिनेछ ।

७. राजश्व परिचालनको नियमित अनुगमन तथा लक्ष अनुसारको राजश्व आम्दानी भए नभएको समिक्षा गरी आवश्यक पृष्ठपोषण गरिनेछ ।

८. बिक्रि तथा उपभोग सम्बन्धी कार्य योजना तयार गरिनेछ।

९. राजश्व सुधार योजना अनुरुप दिगो श्रोत व्यवस्थापन गर्न नयाँ श्रोतको पहिचान गरी करको दायार बढाउन विशेष पहल गरिनेछ।

१०. गाउँपालिकामा रहेका सामुदायीक वन तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गरी सामुदायीक वन पैदावर राजश्व सङ्कलनमा सुधार गर्न घुम्ती शिविर, करदाताहरुको अभिलेख व्यवस्थापन, मार्फत सूचना सप्रेषण, राजश्व हेल्प डेक्सको व्यवस्थापन जस्ता कार्यलाई प्राथमिकता दिइनेछ ।

**अन्त्यमा,**

हामीले अबका दिनमा अवलम्बन गर्ने राजनीतिक चिन्तन, राजनीतिक दृष्टिकोण, नीति कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, आवश्यक कानून तर्जुमा र कार्यान्वयन, समावेशीकरण र सन्तुलित विकासका लागि भएका प्रयास, समन्वय सहकार्य र सहअस्तित्वको कुराहरु साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, नागरिकले प्राप्त गर्ने सार्वजनिक सेवाको पहुँच र समतामूलक स्रोतको उपयोग जस्ता यी सबै कुराहरुलाई मध्यनजर गरी भोलिबाट नै हाम्रो पनि मुल्याङ्कन होस् भन्ने हामी चाहान्छौं । यस गाउँपालिकाको विकास, सम्वृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सहअस्तित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनीधिहरु, राजनीतिक दल, संघ संस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु । यस नीति तथा कार्यक्रम निर्माणका लागि आफ्ना अमूल्य सुझाव पठाई सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, पेशा कर्मी, बुद्धिजीवी, कृषक तथा श्रमजीवी महानुभावहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै यो नीति कार्यक्रम कार्यान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !!**

## २.५ आर्थिक वर्ष २०८०।८१ का लागि बजेट वक्तव्य

### तेह्रौं गाउँसभाका लागि बजेट वक्तव्य
### उपाध्यक्ष श्री कौशिला कुमारी गुरुङबाट प्रस्तुत

**आदरणीय सभाका अध्यक्ष ज्यू,**
**कार्यपालिका सदस्यज्यूहरु,**
**सम्पूर्ण सभाका सदस्यज्यूहरु,**
**उपस्थित महानुभावहरु,**

नेपालको संविधान,२०७२ बमोजिम सम्पन्न भएको पहिलो स्थानीय तह निर्वाचनको ५ वर्षे कार्यकाल समाप्त भई दोस्रो कार्यकालको दोस्रो वर्ष यस सम्मानित एवम् गरिमामय सभामा उपस्थित भएर आज यस रावा बेसी गाउँपालिको आर्थिक वर्ष २०८०।८१ को बजेट प्रस्तुत गर्न पाउँदा मैले आफूलाई भाग्यशाली महशुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समावेशी शासन व्यवस्था, मौलिक हक लगायत नेपाली जनतालाई अधिकार लगायत देशको राजनैतिक र सामाजिक रुपान्तरणका निम्ती इतिहासका विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनहरुमा अमूल्य जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलका घाइते र अपाङ्गहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरुप्रति उच्च सम्मान गर्न चाहान्छु।

स्थानीय तह सञ्चालनको लागि २० वर्ष पछि भएको स्थानीय निर्वाचनको पहिलो ५ वर्ष पहिलो अभ्यास भएको हुँदा सञ्चालनमा थुप्रै नीतिगत,कानूनी एवम् संस्थागत संरचनाको अभाव, सिमित स्रोत साधनको सिमितता, कर्मचारीको अभाव र अन्यौलताहरुका बीचमा स्थानीय तह अगाडी बढेको हामीले अनुभव गरेको र बुझेकै कुरा हो । यसका बावजुद पनि आर्थिक वृद्धि उन्मुख अर्थतन्त्र, सामाजिक परिवर्तन, भौतिक पूर्वाधारहरुको विकास र सुशासन र सेवा प्रवाहमा निश्चित मार्ग तथा खाका पहिल्याउँदै सभ्य र समृद्ध पालिका बनाउने अभियानको आधारशीला खडा भएकोमा पूर्व गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायत सम्पूर्ण जनप्रतिनीधिज्यूहरुप्रति साथै सम्पूर्ण कर्मचारीप्रति धन्यवाद ज्ञापन गर्न चाहान्छु।

विकास निर्माणलाई परिणाममूखी बनाउन र गाउँपालिकावासीका आवश्यकता र जनआकाङ्क्षालाई परिपूर्ती गर्नका लागि सिमित स्रोत र साधन हाम्रो सिमा रहे पनि सम्बोधन गर्ने प्रयत्न गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण, शसर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबै वर्ग र क्षेत्रमा विशेषगरी गरिब, महिला बालबालिका, सामाजिक एवम् आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गर्दै समान र सन्तुलित तवरबाट विकास निर्माणलाई अवलम्बन गर्दै सहज र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवम् त्यस्ता सेवा सुविधालाई मितव्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउँदै गरिबी न्यूनीकरण र दिगो विकासको लागि श्रोत साधनलाई व्यवस्थित गर्दै गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाईने व्यहोरा अनुरोध गर्दछु । रावा बेसी गाउँपालिकालाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य गरी "सबैको लागि सम्वृद्धि" भन्ने नारालाई सार्थक बनाउन निरन्तर लागिरहने कुरा अवगत गराउन चाहान्छु।

यसै परिप्रेक्ष्यमा यस रावा बेसी गाउँपालिकाको विकासको लागि सदैव जागरुक भइरहने यहाँका राजनैतिक दल,नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण रावा बेसी गाउँपालिकावासी नागरिकहरु प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु।यो बजेट स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सबै विषयगत समितिहरु, सबै वडा समितिहरुबाट पर्याप्त छलफल निर्णय भई सबै आम नागरिकहरुको माग र आवश्यकताको आधारमा तयार पारिएको छ।

त्यसै गरी आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, २०७२, गाउँपालिको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति, बजेट तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन तथा विद्यमान कानूनहरु, विनियोजन विधेयक, दिगो विकास लक्ष्य, रावा बेसी गाउँपालिकाको आवधिक योजना, पन्ध्रौं योजना, विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतका अनुभवको सिकाइ नागरिकहरुका माग र आवश्यकता साथै नेपाल सरकारबाट प्राप्त निर्देशिका तथा

मार्गदर्शनहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु । यी नीतिगत कुराहरुलाई मध्यनजर गर्दै गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने, बढी भन्दा बढी जनसङ्ख्यालाई लाभ पुग्ने, स्थानीय जनताको सामाजिक आर्थिक उन्नतिमा सहयोग पुग्ने, वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोग पुर्याउने, स्थानीय स्रोत साधनमा आधारित, रोजगारमूलक तथा सहभागितामूलक पक्षहरुलाई वीचार गरी योजना छनौट गरिएको कुरा समेत अवगत गराउन चाहान्छु।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय व्यय र आर्थिक वर्ष २०७९/०८० को आय र व्ययको संशोधित अनुमान प्रस्तुत गर्दछु।

**आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको यथार्थ विवरण**

१. आर्थिक वर्ष २०७८/०७९ को आन्तरिक आयबाट प्राप्त रकम रू.३५,००,४५६।-
२. संघीय सरकारबाट प्राप्त राजश्व बाडफाँड रू.५,०५,६८,३३७।६१ मात्र र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड रू.२५,९४,५,९०।- गरी जम्मा रू.५,३१,६२,९२७।६१
३. संघीय सरकार वित्तीय समानिकरण अनुदान रू.७,८९,००,०००।- संघीय सशर्त अनुदान रू.२०,११,१७,०००।- समपूरक अनुदान रू.८३,००,०००।- विशेष अनुदान रू.१,६६,००,०००।- गरी जम्मा रू.३०,४९,१७,०००।-
४. प्रदेश सरकार वित्तीय समानिकरण अनुदान रू.४३,५०,०००।- प्रदेश सशर्त अनुदान रू.१,०२,८३,०००।- प्रदेश समपूरक कोष रू.१,००,००,०००।- गरी रू.२,४६,३३,०००।-
५. सामाजिक सुरक्षा कार्यक्रम तथा अन्य रू.५,७७,०३,४४९।-
६. एकिकृत स्वास्थ्य पुर्वधार विकास कार्यक्रम रू.१,४७,४५,१४८।-
७. गरिबसँग विश्वेश्ववर कार्यक्रम रू.४,६४,०००।-
८. आर्थिक वर्ष २०७८/०७९ को कुल यथार्थ आय रू.४५,४६,२५,५२४।६१ मात्र र खर्च रू.४२,१६,८६,१८५।६१ यो खर्च कुल आयको ९२.७५ प्रतिशत हुन आउँछ।

**चालु आर्थिक वर्ष २०७९/०८० को आय व्ययको संशोधित अनुमान**

१. चालु आर्थिक वर्ष २०७९/०८० कुल बजेट विनियोजन ऐन अनुसार रू.३८,३९,०२,०२३।- भएकोमा विनियोजन ऐन पारित भईसकेपश्चात विनियोजन ऐनमा समावेश नभएको संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रू.१,९९,८५,०००।- पछि प्राप्त भएको बजेटलाई समावेश गर्दा कुल संशोधित बजेट रू.४०,३८,८७,०२३।- हुन गएकोछ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष२०८०/०८१ को बजेटको सौंच, उद्देश्य र प्राथमिकताहरुको चर्चा गर्न गइरहेको छु,

**(क) सौंचः समृद्ध रावा बेसी गाउँपालिकाको निर्माण गर्ने ।**

**(ख) उद्देश्यः**

१. सेवामूलक र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई स्वस्थ जनजीवन बनाउने।
२. कोरोना भाइरस (Covid-19) तथा आउन सक्ने यस्तै महामारीबाट सँधै सजग राख्ने।
३. प्रत्येक गाउँ र वडालाई कृषिमा आत्मनिर्भर बनाउने।
४. दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर उच्च राख्ने।
५. रोजगारी सृजना र गरिबी निवारण गर्ने।
६. उच्च सामाजिक सुविधा र मर्यादा सहितको लैंगिक समानता, समतामूलक, समावेशी, सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको निर्माण गर्ने।
७. दिगो, गुणस्तरीय, समानुपातिक र पहुँचयोग्य पूर्वाधार क्षेत्रको विकास गरी जनजीवनलाई मर्यादित र सहज बनाउने।
८. वातावरण स्वच्छ र सन्तुलित राख्ने।
९. संस्थागत क्षमता वृद्धि गरी सुशासन कायम राख्ने।

यी उद्देश्यहरु हाँसिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु।

१. कृषिलाई थप व्यवसायीकरण र आधुनिकीकरण गर्नको लागि थप टेवा पुग्ने किसिमाका कार्यक्रमहरु।
२. स्वरोजगारमूलक तालिम, उद्यम विकासको माध्यामबाट रोजगारी सृजना गर्ने साथै स्थानीय उत्पादनमा वृद्धि गरी आत्मानिर्भर बनाउँदै गरिबी निवारणमा जोड दिने खालाका कार्यक्रमहरु।
३. कम लगानीबाट उच्च प्रतिफल दिने र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने खालका कार्यक्रमहरु।
४. विभिन्न खाले महामारीबाट बँच्ने, जीवनरक्षा गर्ने, निरन्तर चेतना जगाउने कार्यक्रमहरु।
५. स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राख्दै सामाजिक विकासका क्षेत्रमा सघाउ पुर्याउने किसिममा कार्यक्रमहरु।
६. आम नागरिकहरुको पहुँचमा सहज र सरल पुर्याउने सडक तथा पूर्वाधारका आयोजनाहरु।
७. स्थानीय गौरवका योजनाहरु तथा चालु आर्थिक वर्षमा शुरु भई विविध कारणले सम्पन्न नभएका ठुला योजनाहरु।
८. गाउँ विकास आवधिक योजनाले लिएका उद्देश्य पुरा गर्ने खालका कार्यक्रमहरु।
९. समावेशी र सन्तुलित विकासमा सहयोग पुर्याउने कार्यक्रम तथा आयोजनाहरु।
१०. सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री, जनमूखी र नतिजामूखी, जनउत्तरदायी र पारदर्शी बनाउँदै सुशासन कायम गर्ने साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, कानूनी र संस्थागत क्षमतालाई समय अनुकूल वृद्धि हुने कार्यक्रमहरु।

**सभाध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य तथा प्राथमिकताका आधारमा रही तयार गरिएको आर्थिक वर्ष २०८०।८१ को कुल अनुमानित आय र विनियोजन तथा स्रोत समेतको वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु।

**आयतर्फ**

१. रावा बेसी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि रू.३७,३४,११,३००।- अनुमानित बजेट प्रस्तावित गरेको छु। उक्त प्रस्तावित बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा।
२. गाउँपालिकाको आन्तरिक आयबाट प्राप्त रकम रू.४५,००,०००।-प्राप्त हुने अनुमान गरेको छु।
३. संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड रू.६,६९,४८,३००।- र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाँडफाँड रू.३०,३७,०००।गरी कुल राजश्व बाडफाँड जम्मा रू.६,९९,८५,३००।- मात्र अनुमान गरेको छु।
४. संघीय सरकार वित्तीय समानिकरण अनुदान रू.७,४३,००,०००।- संघीय सशर्त अनुदान रू.१८,१२,००,०००।- समपूरक अनुदान रू.६०,००,०००।- विशेष अनुदान रू.१,७०,००,०००।- गरी संघीय बजेट जम्मा रू.२७,८५,००,०००।- मात्रको अनुमान छ ।
५. प्रदेश सरकार वित्तीय समानिकरण अनुदान रू.४३,४३,०००।- प्रदेश सशर्त अनुदान रू.६२,०८,०००।- समपूरक अनुदान रू.९८,७५,०००।- गरी जम्मा रू.२,०४,२६,०००।- मात्रको अनुमान गरेको छु।

**विनियोजन तर्फ**

१. विभिन्न विषयगत शाखाको लागि प्राप्त संघीय सशर्त अनुदान चालु कार्यक्रम तर्फ रू.१६,०९,००,०००।- र संघीय सशर्त अनुदान पूँजीगत तर्फ रू.२,०३,००,०००।- विनियोजन गरेको छु । भने प्रदेश सरकार सशर्त अनुदान तर्फ रू.६२,०८,०००।- विनियोजन गरेको छु।
२. गाउँपालिका तथा संघीय सरकारसँगको समपूरक अनुदानबाट वडा कार्यालय प्रशासनिक भवन निर्माण वडा नं.२, ४, ६ का लागि रू.१,२०,००,०००।- प्रदेश सरकारसँगको समपूरक अनुदानबाट भञ्याङ आयुर्वेद हुँदै रावा बेसी गाउँपालिका जोड्ने सडक स्तरउन्नतीका लागि रू.१,३३,३१,२५०।- रुपैंया विनियोन गरेको छु।
३. संघीय सरकार विशेष अनुदानबाट स्वास्थ्य चौकी भवन निर्माण रावा बेसी गाउँपालिका वडा नं. १ निर्माणको लागि रू.८०,००,०००।- रावा बेसी गाउँपालिका वृहत खानेपानी मा रू.९०,००,०००।- कुल जम्मा रू.१,७०,००,०००।- विनियोजन गरेको छु।
४. संघीय सरकार प्रदेश सरकार र अन्य विभिन्न विकास साझेदार संस्थाहरुसँगको साझेदारी कार्यक्रमहरुको लागि रू.१,९८,७९,७५०।- रुपैंया विनियोजन गरेको छु।
५. वडागत पूँजीगत योजनाहरुका लागि रू.२,०२,००,०००।- विनियोजन गरेको छु।

६. संघीय सरकार राजश्व बाँडफाड र आन्तरिक राजश्वबाट खर्च व्यहोर्ने गरी चालु तथा चालु प्रकृतिका खर्च तर्फ रू.७,१४,४८,०३०।- मात्र विनियोजन गरेको छु । उक्त रकम मध्ये चालु खर्चमा पदाधिकारी सेवा सुविधा, कर्मचारी तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको चालु खर्चका लागि रू.१,१४,४८,३००।- र चालु प्रकृतिका विभिन्न कार्यक्रमहरुका लागि रू.५५,१५,०००।- खर्च हुँने अनुमान गरिएको छ।

**क्षेत्रगत विनियोजन**

**१. आर्थिक विकास**

रावा बेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् । कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, विशिष्टिकरण गरी उत्पादन उत्पादकत्व वृद्धि गर्ने र रोजागारी सृजना गर्ने उद्देश्यका साथ कृषक दर्ता व्यवस्थापन, कृषि तथ्याङ्क अध्यावधिक, विभिन्न कृषि कार्यक्रमको लागि पकेट क्षेत्र कार्यक्रम, ५० देखि ८५ प्रतिशत अनुदानमा विभिन्न कृषि सामाग्री तथा कृषि औजार टनेला वितरण, विभिन्न फलफूलका विरुवा वितरण, मौसमी तरकारीका बिउ वितरण, एकिकृत नमूना कृषि फर्म कार्यक्रम, बालिनालिलाई किराहरुबाट जोगाउन किटनाशक विषादी वितरण, परीक्षण गरी माटो सुधार, कृषक क्षमता अभिवृद्धि कार्यक्रम, कृषक समूहरुलाई कुटानी पिसानी मिल वितरण आदिका लागि आवश्यक बजेट विनियोजन गरेको छु । तेलहन बालि प्रवर्द्धन कार्यक्रममा बजेट विनियोजन गरेको छु।पशुपालनलाई व्यावसायिक बनाई आयआर्जन वृद्धि गर्न पशुपंक्षि पालन सम्बन्धी तालिम, पशु नष्ल सुधार कार्यक्रम, पशु आहाराको उत्पादन वृद्धि गर्न विभिन्न जातका घाँसका बिउ वितरण, पशु विमाको लागि अनुदान, तोकिएको संख्यामा व्यवसायिक पशुपालन गर्ने जस्ता कार्यक्रमा अनुदान मिलाएको छु । गाउँपालिका भित्रका पशुपंक्षिका रोगको सुरक्षाका लागि निःशुल्क औषधी वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु । करेसा खेतीलाई बडवा दिने कार्यक्रम, साना सिंचाइसँगको साझेदारीमा निर्माणाधिन सिंचाइ योजनालाई निरन्तरता दिँदै थप योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु । ढाका बुनाइ कटाई सिलाई जस्ता घरेलु उद्योगलाई प्रोत्साहन गर्न मेशिन औजार वितरण, गरिबी निवारणका लागि विभिन्न रोजगारमूलक सिपमूलक तथा युवा स्वरोजगार कार्यक्रम, फुसको छाना विस्थापित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालान र नयाँ उद्यमी सृजनाका लागि बजेटको व्यवस्था गरेको छु । रावा बेसी गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न ऐतिहासिक धरोहरको संरक्षण गर्न बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षको लागि आर्थिक विकासको क्षेत्रमा जम्मा रू.८६,००,०००।- रकम बिनियोजन गरेको छु।

**२. सामाजिक विकास**

३. **घर वहाल करः** रावा बेसी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा व्यापारीक भवन, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा दिएकोमा नेपाल सरकारले तोके बमोजिम (१०%) घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ । बहालमा दिएको मितिलाई त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ । तर छोटो अवधिको लागि बहालमा लिएको अवस्थामा सोही बमोजिम दिन र महिना गन्ती गरी बहाल कर बुझाउनु पर्नेछ।

   क) वस्ती तथा बजार क्षेत्रको आधारमा रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ।

   ख) रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

   ग) कम्पनी, संघ संस्था वा कुनै प्रकारको व्यवसायिक फर्मको हकमा बहाल कर बुझाउने बखत त्यस्ता करदाताहरुको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

४. **घर र जग्गा वा लिखत रजिष्ट्रेशन शुल्कः** यस गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्ति वा कुनै प्रकारको लिखत रजिष्ट्रेशन पारित गर्दा नेपाल सरकारले तोके बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुलउपर गरिनेछ।

५. **व्यवसाय/उद्योग करः** रावा बेसी गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापना भएका उद्योग, कुनै ब्यापार, व्यवसाय वा सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।

   क) रावा बेसी गाउँपालिका भित्र पसल गर्दा दर्ता अनिवार्य गर्नु पर्ने छ।

   ख) प्यानमा दर्ता भएका संस्था पनि पालिकामा दर्ता गरिनु पर्ने छ ।

६. **विशेष परामर्श तथा व्यवसायी सेवा दस्तुरः** गाउँपालिका भित्र सञ्चालन गरिने सेवामुलक व्यवसाय दर्ता तथा नवीकरण अनुसूची (४) बमोजिम लिईनेछ ।

७. अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तै, खेर गइरहेका प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रू.५००। देखि रू.५०००। सम्म लिन सकिनेछ ।

८. **पर्यटन शुल्कः** यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क अध्ययन गरी लागु गरिनेछ।

९. **होटल व्यवसाय शुल्कः** रावा बेसी गाउँपालिका भित्र अनुसूची (५) बमोजिम दर्ता/नवीकरण शुल्क बुझाएपछि सञ्चालन गर्न पाईनेछ ।

१०. **अन्य सेवा शुल्क, दस्तुरः** यस गाउँपालिकामा निर्माण, सञ्चालन वा व्यावस्थापन गरेका उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (६)मा व्यवस्था भए अनुसार व्यवसायमा दस्तुरहरु लगाइने र असुल उपर गरिनेछ ।

११. **उद्योग दर्ता तथा नवीकरण दस्तुरः** यस गाउँपालिकामा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उन्पादनमुलक उद्योगको डिपो, सौर्य उर्जा उत्पाद, मिश्री उत्पाद, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उद्योग, धान, गहुँ, चिउरा मसाला, तेल कुटानी पिसानी, पेलानी उद्योग, घरेल कपडा बनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी डब्बा, बाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जामुलक उद्योग चिया उद्योग सञ्चालनका लागि अनुसूची (७) बमोजिम दस्तुर लगाइने र असुलउपर गरिनेछ ।

१२. **दैनिक हटिया करः** अनुसूची (८) बमोजिम लगाइनेछ ।

१३. **विज्ञापन करः** यस गाउँपालिकामा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित विज्ञापन कर्ताबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१४. **वन पैदावरजन्य उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु तथा गिट्टीढुङ्गा बालुवा र माटो करः** यस रावा बेसी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले खोटो, जडीबुटी, वन पैदावरजन्य उत्पादन, गिट्टीढुङ्गा बालुवा र माटो, वनकस, कवाडी माल, ऊन र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर, प्वाँख, छाला, दाह्रा-दाँत र अखेटोपहार जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूची (१०) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित व्यवस्था लागु हुनेछैन।

१५. **भौतिक सुविधा करः** यस गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (११) बमोजिम सवारी साधन कर तथा तोकिएको स्थानमा सवारी पार्किङ्ग शुल्क वा कर लगाइने र असुलउपर गरिनेछ।

१६. **मनोरञ्जन करः** यस गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (१२) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

१७. **पशु स्वास्थ्य परीक्षण दस्तुरः** यस पालिकामा ल्याईने तथा बाहिर निकासीका लागि गरिने पशु स्वास्थ्य परिक्षण (क्वारेन्टाईन) शुल्क अनुसूची (१३) बमोजिम लिईनेछ ।

१८. **सामान्य सिफारिस दस्तुरः** यस पालिकाभित्र दैनिक हुने अनुसूची (१४) बमोजिमका सिफारिसहरु सोही अनुसूचीमा तोकिए बमोजिम लिइनेछ ।

१९. **सम्पत्ति मूल्याङ्कन शुल्कः** यस पालिकाका व्यक्तिगत रुपमा गरिने अचल सम्पत्ति मूल्याङ्कन, आय श्रोत प्रमाणित तथा अन्य मूल्याङ्कन अनुसूची (१५) बमोजिम असुलउपर गरिनेछ ।

२०. **ठेक्कापट्टा सिफारिस दस्तुरः** यस पालिकामा **घ** वर्गको ठेक्कापट्टा अनुमती दिईने छ । सो का लागि अनुसूची (१६) बमोजिम दस्तुर लाग्नेछ ।

२१. **घर नक्सा पास सम्बन्धी सेवा शुल्कः** रावा बेसी गाउँपालिका भित्र बन्ने घरहरुका लागि नक्सा पास सम्बन्धी अनुसूची (१७) बमोजिम असुल गरिनेछ ।

२२. **बहाल बिटौरी शुल्कः** यस गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ती वा पाटी पौवामा हाटबजार वा पसल वा विशेष मेला पर्व जत्रामा सभाव्यता अध्यायन गरी प्रतिवेदन सिफारिस बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुलउपर गरिनेछ।

२३. **पार्किङ शुल्कः** सम्भाव्यता अध्ययन गरी दर निर्धारण गरी लागु गर्ने ।

२४. **पालिकाबाट उपलव्ध सेवाहरु ल्याब सम्बन्धी महसुल/ब्याक हो लोडर/ट्याक्टर महसुलः** ल्याब सम्बन्धी अर्को व्यवस्था तथा नियम नबनेसम्म रावा बेसी गाउँपालिका हरमटारमा सञ्चालनमा रहेको **५** शैयाको अस्पतालमा अनुसूची (१८) बमोजिमका सेवा दर कायम गरी सुविधा दिईनेछ ।

२५. **जरिवानाः** यस गाउँ पालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक फुटपाथमा व्यापार व्यवसाय गर्ने सवारी साधन पार्किङ गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गरे गराएमा अनुसूची (१८) बमोजिम जरिवाना असुल गरिनेछ।

२६. **ट्राभल र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, होमस्टे र र्याफ्टिङ शुल्कः** यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, होमस्टे र र्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरे वापत शुल्क अध्ययन गरी लागु गरिनेछ।

२७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायहरुलाई कुनै पनि किसिमको कर छुट दिईनेछैन।

२८. **नियम वा कार्यविधि बनाउन सक्नेः** यस गाउँपालिकाले यो ऐनमा भएको व्वस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण लागु गर्न सक्नेछ।

२९. **विविधः** यस ऐनमा उल्लेख नभएको विषय र क्षेत्रको सन्दर्भमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेर दर निर्धारण गरिनेछ ।

३०. **बाझिएको हदमाः** संविधान बमोजिम संघ तथा प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ। यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूची (१)

**सम्पत्ति कर**

रावा बेसी गाउँपालिकाले देहाय बमोजिम घरको मूल्याङ्कन कायम गरिने छ ।

| क्र.सं. | शीर्षक | विवरण | राजश्व दर रू. |
|---|---|---|---|
| १ | | बजार क्षेत्रमा मुल सडक ले छोएको पक्की घर | रू.१०००। |
| २ | | बजार क्षेत्रमा मुल सडकले छोएको कच्ची घर | रू.५००। |
| ३ | | बजार क्षेत्रमा शाखा सडकले छोएको पक्की घर | रू. ०००। |
| ४ | | बजार क्षेत्रमा शाखा सडकले छोएको कच्ची घर | रू.५००। |

अनुसूची(२)

**भूमि कर (मालपोत)**

राजश्वका श्रोत, दर र दायराको विश्लेषणको आधारमा आर्थिक वर्ष २०८०/०८१ का लागि मालपोत राजश्व दर

| क्र.सं. | शीर्षक | जग्गाको किसिम | खेत (राजश्व प्रति रोपनी) | पाखो (राजश्व प्रति रोपनी) |
|---|---|---|---|---|
| १ | | अब्बल | रू.६। | रू.५। |
| २ | | दोयम | रू.५। | रू.४। |
| ३ | | सिम | रू.४। | रू.३। |
| ४ | | चाहार | रू.३। | रू.२। |
| | | **घडेरी (प्रति रोपनीमा)** | | |
| ५ | | मूल सडकले छोएको | | रू.३०। |
| ६ | | शाखा सडकले छोएको | | रू.२०। |
| ७ | | वडा सदरमुकाम वा कार्यालय बजार क्षेत्र | | रू.६०। |

१. मालपोत न्यूनतम रू. ५०। लाग्ने छ ।
२. भूमिकर लगाएको जग्गामा मालपोत रकम लागाईने छैन ।
३. घर कर लगाएको जग्गामा मालपोत कर लगाईने छैन ।
४. भूमिकर लगाएको जग्गामा बनेको घरको पनि घर कर लाग्नेछ ।
५. सम्पत्ति कर, सम्भाव्यता अध्ययन मार्फत आधार तयार गरी लागु गरिने छ ।
६. मालपोत तथा भूमिकर विलम्ब शुल्क रू.५० प्रतिशत(प्रतिवर्ष) लाग्नेछ ।
७. खेतीयोग्य जमिन बाँझो राखिएको पाईएमा स्थलगत अनुगमनको आधारमा थप ५०% जरिवाना लिईनेछ।

अनुसूची ३

**व्यवसाय कर**

१. प्यानमा दर्ता भएका व्यवसायीहरुका लागि पालिकामा दर्ता शुल्कमा ४०% छुट दिईने छ ।

**पूँजीको आधारमा**

१. व्यापारिक वस्तुहरु

क) चुरोट तथा रक्सी जन्य पदार्थ, हार्डवेर र ज्वेलर्ससँग सम्बन्धीत वस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिङ्क सहितको किराना पसल समेत)

| क्र.सं. | विवरण (पूँजी) | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | रू.५००। | रू.२००। | |
| २ | १ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ३ | ५ लाख देखि १५ लाख सम्म | रू.१५००। | रू.५००। | |
| ४ | १५ लाख देखि १ करोडसम्म | रू.५०००। | रू.१०००। | |
| ५ | १ करोड देखि ५ करोडसम्म | रू.१००००। | रू.२५००। | |
| ६ | ५ करोड देखि माथि | रू.२००००। | रू.५०००। | |

ख) क्यामेरा, टेलिभिजन, चस्मा लगायतका विद्युतीय सामाग्री (सिडी प्लेयर, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरु) तथा ग्यााँस/चल्हो, सेल्स, डाईनामाईट, गाडीको पम्प, ट्युब टायर पंचर, वल्डिङ गर्ने, साईकल मर्मत गर्ने, लुगा सिउने मेशिन तथा अन्य

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५ लाख सम्म | रू.७००। | रू.२००। | |
| २. | ५ लाख देखि २० लाख सम्म | रू.२०००। | रू.५००। | |
| ३. | २० लाख देखि १ करोडसम्म | रू.३०००। | रू.१०००। | |
| ४. | १ करोड देखि ५ करोडसम्म | रू.५०००। | रू.२०००। | |
| ५. | ५ करोड देखि माथि | रू.८०००। | रू.३०००। | |

ग) ट्याक्टर बिक्री, कार जीप, अटोमोबाईल, मोटरपार्टस, मोटरसाईकल, मेशिनरी जडान/मर्मत आदि

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | १ लाख सम्म | रू.१०००। | रू.३००। | |
| २. | १ लाख देखि ५ लाख सम्म | रू.२०००। | रू.६००। | |
| ३. | ५ लाख देखि १० लाख सम्म | रू.३०००। | रू.९००। | |
| ४. | १० लाख देखि २० लाख सम्म | रू.३५००। | रू.१०००। | |
| ५. | २० लाख देखि करोड सम्म | रू.४५००। | रू.१५००। | |
| ६. | १ करोड भन्दा माथि | रू.१००००। | रू.३०००। | |

घ) किताब, कापी तथा स्टेशनरीसँग सम्बन्धीत व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५० हजार सम्म | रू.३००। | रू.१००। | |
| २. | ५० हजार देखि १ लाख सम्म | रू.५००। | रू.२००। | |
| ३. | १ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ४. | ५ लाख देखि २० लाख सम्म | रू.२५००। | रू.७००। | |
| ५. | २० खाल देखि २५ लाख सम्म | रू.४०००। | रू.१०००। | |
| ६. | २५ लाख देखि माथि | रू.५०००। | रू.१५००। | |

ङ) कृषिसँग सम्बन्धीत व्यवसायको हकमा (कृषि फर्म, गाई, बाख्रा, सुँगुर पालन व्यवसाय आदि तथा कृषि सामग्री औजार, मल, बिउ दाना, चोकर, पशुपंक्षि आहारा)

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | १ लाख सम्म | रू.२००। | रू.५०। | |
| २. | १ लाख देखि ३ लाख सम्म | रू.५००। | रू.१५०। | |
| ३. | ३ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ४. | ५ लाख देखि २० लाख सम्म | रू.२०००। | रू.५००। | |
| ५. | २० लाख देखि माथि | रू.५०००। | रू.१०००। | |

च) शिसा, फ्रेमिङ, कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु आदि

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | रू.५००। | रू.२००। | |
| २ | १ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ३ | ५ लाख देखि १० लाख सम्म | रू.१५००। | रू.४००। | |
| ४ | १० लाख देखि २० लाख सम्म | रू.२५००। | रू.७००। | |
| ५ | २० लाख देखि माथि | रू.५०००। | रू.१५००। | |

छ) सुती कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ३ लाख सम्म | रू.५००। | रू.१५०। | |
| २. | ३ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ३. | ५ लाख देखि १५ लाख सम्म | रू.१५००। | रू.५००। | |
| ४. | १५ लाख देखि ३० लाख सम्म | रू.२०००। | रू.७००। | |
| ५. | ३० लाख देखि १ करोड सम्म | रू.५०००। | रू१५००। | |
| ६. | १ करोड देखि ५ करोड सम्म | रू.१००००। | रू.३०००। | |
| ७. | ५ करोड देखि माथि | रू.१५०००। | रू.५०००। | |

अनुसूची ४

**विशेष परामर्श तथा व्यवसायिक सेवा**

क) चिकित्सक, अ.हे.ब., कविराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटेरेनरी, सर्जीकल लागायत स्वस्थ्यसँग सम्बन्धीत व्यवसायहरु

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | एम.डी. | रू.२०००। | रू.७००। | |
| २. | एम.वि.वि.एस डाक्टर, आर्युवेदिक डक्टर, पशु डाक्टर | रू.१०००। | रू.३००। | |
| ३. | पशु सहायक | रू.५००। | रू.१५०। | |
| ४. | कविराज, होमियपेथि, आर्युवेदिक अ.हे.ब., होमियेपेथि | रू.१०००। | रू.३००। | |
| ५. | भेटेनेरी पसल | रू.२०००। | रू.१०००। | |
| ६. | औषधी पसल खुद्रा | रू.३०००। | रू.१०००। | |
| ७. | भिडियो एक्स-रे | रू.२०००। | रू.७००। | |
| ८. | शारीरिक व्यायमका सामाग्री बिक्री | रू.१५००। | रू.५००। | |
| ९. | अस्पताल | द्विपक्षिय छलफल तथा प्राविधिक प्रतिवेदन बमोजिम | | |

ख) परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स आदि

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ३ लाख सम्म | रू.५००। | रू.१५०। | |
| २. | ३ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ३. | ५ लाख देखि १५ लाख सम्म | रू.१५००। | रू.५००। | |
| ४. | १५ लाख देखि २० लाख सम्म | रू.२०००। | रू.७००। | |
| ५. | २० लाख देखि १ करोड सम्म | रू.३०००। | रू.१०००। | |
| ६. | १ करोड देखि ५ करोड सम्म | रू.५०००। | रू.१५००। | |
| ७. | ५ करोड देखि माथि | रू.१००००। | रू.३०००। | |
| ८. | अन्य (टेलि चलचित्र ,वृत्तचित्र निर्माण ) | रू.५०००। | रू.१५००। | |

ग) केवल नेटवर्क व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएका | रू.२०००। | रू.७००। | |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएका | रू.५०००। | रू.१५००। | |
| ३. | १०० भन्दा माथि ग्राहक भएका | प्रति ग्राहक रू.१००। | प्रति ग्राहक रू.३०। | |

घ) कानून व्यवसायी

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | बरिष्ठ अधिवक्ता | रू.२०००। | रू.७००। | |
| २. | अधिवक्ता | रू.१०००। | रू.३००। | |
| ३. | अभिवक्ता | रू.७००। | रू.२५०। | |
| ४. | लेखापढी | रू.५००। | रू.१५०। | |

ङ) लेखापरीक्षक

| क्र.सं. | विवरण | सूचीकरण रकम | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी क | रू.२५००। | रू.१०००। | |
| २. | श्रेणी ख | रू.१५००। | रू.५००। | |
| ३. | श्रेणी ग | रू.१०००। | रू.३००। | |
| ४. | श्रेणी घ | रू.५००। | रू.२००। | |

च) अन्य सेवाहरु वा फर्म

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | रू.२०००। | रू.७००। | |
| २ | विमा एजेन्ट स्वदेशी | रू.१५००। | रू.५००। | |
| ३ | विज्ञापन ऐजेन्सी | रू.१०००। | रू.३००। | |
| ४ | शेयर कारोवार गर्ने व्यक्ति | रू.२०००। | रू.७००। | |
| ५ | अभिकर्ता | रू.२००। | रू.५०। | |
| ६ | कानूनी फर्म | रू.१०००। | रू.३००। | |

छ) निर्माण व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | नामसारी/ठाउँसारी शुल्क |
|---|---|---|---|---|
| १ | श्रेणी क | | | रू.२००००। |
| २ | श्रेणी ख | | | रू.१५०००। |
| ३ | श्रेणी ग (भवन निर्माण कर्ता ठेकेदार समेत) | | | रू.१००००। |
| ४ | श्रेणी घ ((भवन निर्माण कर्ता ठेकेदार समेत) | रू.५०००। | रू.३०००। | रू.३०००। |

ज) सञ्चार सेवा एफ.एम. समेत

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | रू.५००। | रू.१५०। | |
| २ | १ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ३ | ५ लाख भन्दा माथि | रू.२०००। | रू.७००। | |
| ४ | एफ.एम. रेडियो प्रसारण | रू.२०००। | रू.७००। | |
| ५ | मोवाईल टावर ठूलो | रू.१५०००। | | वार्षिक |
| ६ | मोबाईल टावर सानो | रू.१००००। | | वार्षिक |

झ) वित्तीय सेवा

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक प्रति शाखा कार्यालय | रू.७०००। | रू.३६००। | |
| १ | निजी क्षेत्रबाट सञ्चालित विदेशी विमा कम्पनी | रू.१०,०००। | रू.३६००। | |
| २ | बिकास बैकहरु | रू.७०००। | रू.२०००। | |
| ३ | वित्तीय कम्पनीको मुख्य कार्यालय | रू.५०००। | रू.१५००। | |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | रू.३०००। | रू.१०००। | |
| ५ | १ करोड सम्म कारोवार (वासलात) भएका सहकारी | रू.१०००। | रू.३००। | |
| ६ | १ करोड भन्दा माथि ३ करोड सम्म | रू.२०००। | रू.७००। | |
| ७ | ३ करोड देखि ५ करोड सम्म | रू.३०००। | रू.१०००। | |
| ८ | ५ करोड देखि माथि भएका सहकारीहरु | रू.५०००। | रू.१५००। | |

*नोटः* बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा वार्षिक शुल्क लिईने छैन ।माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नुपर्ने भएमा प्रति सिफारिस रू.५००। लाग्ने छ ।

**२. कुटानी पिसानी व्यवसायहरुको हकमा**

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | रू.२००। | रू.५०। | |
| २. | कुटानी तथा पिसानी पेलानी | रू.५००। | रू.१५०। | |
| ३. | कुटानी तथा पिसानी, पेलानी चिउरा समेत | रू.१०००। | रू.३००। | |
| ४. | कुटानी तथा पिसानी, पेलानी चिउरा, मसाला समेत | रू.१५००। | रू.५००। | |
| ५. | कुटानी तथा पिसानी, पेलानी तथा बक्री समेत | रू.२०००। | रू.७००। | |

क) नाफा रहित सेवा

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | भाषा सँकृती तथा परम्परा संरक्षण सम्बन्धी संस्था | रू.५००। | रू.३००। | |
| २ | अन्य सेवामूखी संस्था | रू.५००। | रू.३००। | |

**३. उत्पादनमूलक उद्योग**

क)अर्ध प्रशोधित माल वा खेर गइरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो, खेर गइरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रू.५०० देखि रू.५००० सम्म लिन सकिनेछ ।

अनुसूची ५

क) आवास लज, होटल, फास्टफुड रेस्टुरा, रिसोर्ट, ट्राभल्स एजेन्सी, स्वमिङ पुल, कन्फ्रेन्स हल आदि

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | सानो ग्रामिण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | रू.५००। | रू.१५०। | |
| २ | ५० हजार देखि २ लाख सम्म | रू.७००। | रू.२००। | |
| ३ | २ लाख देखि ५ लाख सम्म | रू.१०००। | रू.३००। | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | रू.२०००। | रू.७००। | |
| ५ | २० लाख भन्दा माथि | रू.३०००। | रू.१०००। | |
| ६ | रिसोर्टहरुको हकमा | थप रू.३०००। | थप रू.१०००। | |

१. तालिम तथा प्रशिक्षण केन्द्रहरु

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्यूटर टाईपिङ लगायत फोटोकपी समेत सञ्चालन भई काम गर्नेहरुको हकमा, कम्प्यूटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि | रू.१०००। | रू.३००। | |

अनुसूची ६

अन्य सेवा

तपशीलसँग सम्बन्धीत व्यवसाय/पेशा सञ्चलनका लागि देहाय बमोजिम शुल्क रहेको छ ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था, हाउजिङ कम्पनी | रू.५०००। | रू.१५००। | |
| २. | उद्योग, संघ संस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | रू.२०००। | रू.७०। | |
| ३. | कलर ल्याव | रू.१०००। | रू.३००। | |
| ४. | घरजग्गा खरिद बिक्री, रियल स्टेट | रू.५०००। | रू.१५००। | |
| ५. | विज्ञापन सेवा, फोटो स्टुडियो | रू.१०००। | रू.३००। | |
| ६. | व्युटि पार्लर, केश श्रृंगार, साइनबोर्ड, पेन्टिङ, सैलुन नर्सरी | रू.१०००। | रू.३००। | |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा बिक्रेता | रू.१०००। | रू.३००। | |
| ८. | मासु (खसी, कुखुरा, राँगा, बँगुर आदि) थोक बिक्रेता | रू.१५००। | रू.५००। | |
| ९. | पंचेबाजा | निशुल्क | | |
| १०. | ब्रास वैण्डबाजा | रू.१०००। | रू.३००। | |

| | | | | |
|---|---|---|---|---|
| ११. | सित भण्डार | रू.२०००। | रू.७००। | |
| १२. | टेण्ट हाउस | रू.१०००। | रू.३००। | |
| १३. | हाफ क्याटरिङ | रू.२०००। | रू.७००। | |
| १४. | साइवर क्याफे | रू.२०००। | रू.७००। | |
| १५. | एग्रोभेट | रू.१०००। | रू.३००। | |
| १६. | कवाडी पसल थोक | रू.७०००। | रू.२५००। | |
| १७. | कवाडी पसल खुद्रा | रू.५०००। | रू.१२००। | |
| १८. | ढुवानी सेवा शाखा भएका कुरियर केरियर | रू.३०००। | रू.१५००। | |
| १९. | ढुवानी सेवा शाखा नभएको कुरियर केरियर | रू.२०००। | रू.७००। | |
| २०. | खाना मात्र विक्री होटल | रू.१०००। | रू.३००। | |
| २१. | एक मेशिन राखी कपडा सिलाई गर्ने रू.५००। थप १ मेशन बराबर रू.१००। थप १ मेशन बराबर रू.५०। | | | |
| २२. | पेट्रोलियम पदार्थ बेच्ने पम्प न्यूनतम रू.५०००। प्रति मेशिन थप रू.३०००। | | रू.१५००। | |
| २३. | ग्याँस बिक्री डिलर | रू.२०००। | रू.७००। | |
| २४. | काँटा | रू.१०००। | रू.३००। | |
| २५. | भाँडा वर्तन, जुत्ता/चप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना खुद्रा विक्रेता | रू.१०००। | रू.३००। | |
| २६. | भाडा वर्तन, जुत्ता/चप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना थोक विक्रेता | रू.२०००। | रू.७००। | |
| २७. | डिपार्टमेन्टल स्टोर रेष्टुरा बेकरी सहितको | रू.५०००। | रू.१५००। | |
| २८. | डिपार्टमेन्टल स्टोर | रू.१००००। | रू.३०००। | |
| २९. | पर्यटन शुल्कः व्यवसायिक प्रयोजनका लागि गाउँपालिका भित्र प्रवेश गर्ने प्रति व्यक्ति शुल्क रू. | | रू.२०००। | |

अनुसूची ७

उद्योग

| **क.सं.** | **विवरण** | **दर्ता शुल्क** | **नवीकरण शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | ५ लाख सम्मको लागि | रू.२०००। | रू.७००। | |
| २. | ५ लाख १ देखि २० लाख सम्म | रू.२५००। | रू.८००। | |
| ३. | २० लाख १ देखि १ करोड सम्म | रू.३५००। | रू.११००। | |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | रू.५०००। | रू.१५००। | |
| ५. | ५ करोड देखि माथि | रू.१००००। | रू.३०००। | |

क) ग्रील उद्योग

| **क.सं.** | **विवरण** | **दर्ता शुल्क** | **नवीकरण शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | १ लाख देखि २ लाख सम्मको लागि | रू.५००। | रू.१५०। | |
| २ | २ लाख १ देखि ३ लाख सम्मको | रू.१०००। | रू.३००। | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्मको | रू.२०००। | रू.७००। | |
| ४ | ५ लाख १ देखि १० लाख सम्म | रू.३०००। | रू.१०००। | |
| | १० लाख १ देखि २० लाख सम्म | रू.५,०००। | रू.१५००। | |
| | २० लाख १ देखि माथि | रू.१००००। | रू.३०००। | |

उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस वापतको दस्तुर थप लाग्नेछ

ख) उल्लेख नभएका अन्य उद्योगहरु

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ट्युवलाईट उद्योग, ब्याट्री उद्योग, प्लाष्टीकका सामानहरु उत्पादन गर्ने उद्योग, बिंडी बनाउने फ्याक्ट्री, साबुन उत्पादन गर्ने उद्योग आदि | रू.२०००। | रू.७००। | |
| २. | वियर/वाईन फ्याक्ट्री, मदिरा उत्पादन उद्योग आदि | रू.२०००। | रू.६००। | |

*नोट*

१. माथि उल्लेखित किसिम, उपभोक्ता शीर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यावसाय र उद्योगको किसिम हेरी माथिको कर दरमा नघट्ने गरी वार्षिक कर लिई व्यावसाय प्रमाणपत्र दिईनेछ ।

२. गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका फर्म, पसल, उद्योग आदिलाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरीक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारिस दिईनेछ । र सोको विवरण छुट्टै फायलमा खडा गरी अध्यावधिक गरी राखिनेछ ।

३. व्यवसायिक फर्म नामसारी गर्दा तीन पुस्तेभित्र रू.२५०। र सो भन्दा बाहिर नामसारी गर्दा रू. ५००।— राजश्व लिई नामसारी गरिने छ ।

४. गाउँपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको व्यवसायको कारोबारको आन्तरिक राजस्व कार्यालय वा अन्त शुल्क कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सकिनेछ साथै गाउँपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी निरीक्षण प्रतिवेदनको आधारमा कर तय गरिनेछ ।

५. यस कार्यालयलाई बुझाउनु तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बाँकी रहेमा गाउँपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट बञ्चित गर्न सकिनेछ ।

६. अन्य बाँकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रही तोके बमोजिम हुनेछ जुन सामान्यतया कारोबारको स्तर हेरी जरिवाना तोकिएको छ ।

अनुसूची ८

ग) दैनिक हटिया (व्यवसाय कर)

| क्र.सं. | विषय/ शीर्षक | विवरण | शुल्क |
|---|---|---|---|
| १ | माछा, मासु बिक्री सम्बन्धी | खसी, बोका काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | रू.५०। |
| | | सुगुर बँगुर काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | रू.५०। |
| | | राँगा काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | रू.५०। |
| | | कुखुरा काटी मासु बिक्री गर्ने पसल | रू.३०। |
| | | माछा विक्री गर्ने पसल | रू.३०। |
| २ | कपडा तथा जुत्ता चप्पल आदिसँग सम्बन्धीत पसल | रेडिमेड सामान राखी बिक्री गर्ने पसल | रू.५०। |
| | | थान कपडा बिक्री गर्ने पसल | रू.५०। |
| | | जुत्ता चप्पल बिक्री पसलमा सानो | रू.५०। |
| | | जुत्ता चप्पल बिक्री पसलमा खुद्रा | रू.२०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | रू.२०। |
| ३ | तरकारी तथा फलफूल सम्बन्धी | फलफूल, नास्ता  डोका, ठेलामा राखी बिक्री गर्ने पसल | रू.१०। |
| | | सागसब्जी डोका वा डालामा राखी बिक्री गर्ने | रू.१०। |
| | | सिजन अनुसारको सागसब्जी आलु बिक्री गर्ने | रू.१०। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | रू.१०। |
| | | फलफूल सागसब्जी पसल अन्यमा | रू.१०। |
| | | फलफूल सागसब्जी प्रति पसल | रू.१०। |

| | | | |
|---|---|---|---|
| | | फलफूल सागसब्जी बोरा/खुद्रा पसल | रू.१०। |
| | | अदुवा, लसुन, खुर्सानी, कुचो नाङ्लो बेच्नेसँग | रू.१०। |
| ४ | खुद्रा तथा किराना व्यापार | चटपट तथा बरफ | रू.१०। |
| | | चिया पसल | रू.१०। |
| | | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | रू.१०। |
| | | मिठाई पसलमा | रू.२०। |
| | | चामल दाल बिक्री गर्ने पसल | रू.२०। |
| | | बीउ बिजन बिक्री गर्ने पसल | रू.१०। |
| | | चकटी आदि बेच्नेसँग | रू.१०। |
| | | मकै पोली बेच्नेसँग | रू.१०। |
| | | जडीबुटी बिक्री गर्नेसँग | रू.१०। |
| | | किराना पसल | रू.१०। |
| | | अन्य छुटपुट पसलमा रू.१ देखि रू.१० सम्म पसल हेरी | रू.१०। |
| ५ | पशुपंक्षि जिउँदा बिक्रीसँग सम्बन्धीत | राँगा/भैंसि प्रति गोटा | रू.१००। |
| | | गाई/गोरु प्रति गोटा | रू.२०। |
| | | खसी/बाख्रा प्रति गोटा | रू.२०। |
| | | कुखुरा, हाँस बिक्री गर्ने पसल प्रतिगोटा | रू.१०। |
| ६ | परम्परागत सिपसँग सम्बन्धीत | कपाल काटने सैलुन | रू.१०। |
| | | जुत्ता/चप्पल सिलाई गर्ने मोचि | रू.१०। |
| | | माटोको भाँडा बेच्ने पसल ठूलो | रू.१०। |
| | | माटोको भाँडा बेच्ने पसल सानो | रू.१०। |
| | | कुचो, कुनिया, खोगी डोको नाङ्लो बेच्ने | रू.१०। |
| ७ | अन्य व्यवसायसँग सम्बन्धीत | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | रू.१०। |
| | | फालमका औजार तथा समान बिक्री गर्ने पसल | रू.१०। |
| | | भाँडाकुडा पसल | रू.५०। |
| | | फोटो फ्रेमिङ तथा बिक्री पसल | रू.३०। |
| | | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसल | रू.२०। |
| | | प्रचार प्रसार गरी व्यवसाय गर्ने विज्ञापन सम्बन्धी पसल | रू.२०। |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल ठूलो | रू.१०। |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल सानो | रू.१०। |
| | | मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा, उडुस आदी मार्ने ओषधी बिक्री गर्ने | रू.१०। |

खरिते प्रयोजनका लागि समेत माथिको दर लागु हुनेछ ।

उल्लेखित कर तथा दस्तुरका दररेटमा कुनै परिवर्तन गर्नुपरेमा गाउँपालिकाले गर्न सक्नेछ ।

*नोटः* माथि नपरेको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रू.१।- देखि रू.१०००।- सम्म कर लिन सक्नेछ ।

अनुसूची ९

विज्ञापन कर

| क्र.सं. | विवरण | शुल्क(वार्षिक) |
|---|---|---|
| १ | होर्डिङ बोर्ड मुख्य रोड तथा बजारमा प्रति वर्ग फिट | रू.२०। |
| २ | सिनेमाका होर्डिङ बोर्ड, मुख्य रोड तथा बजारमा प्रति वर्ग फिट | रू.२०। |
| ३ | होर्डिङ बोर्ड शाखा रोडमा प्रति वर्ग फिट | रू.१०। |
| ४ | फ्लेक्स बोर्ड मुख्य रोड तथा बजारमा प्रति वर्ग फिट | रू.२०। |
| ५ | फ्लेक्स बोर्ड शाखा रोडमा प्रति वर्ग फिट गाउँ क्षेत्रभित्र | रू.१०। |
| ६ | भित्ते लेखन तथा ब्यानर प्रति वर्ग फिट गाउँ क्षेत्रभित्र | रू.५। |

*नोटः* पसल वालाले आफ्नो नाम सहितको पसल अगाडी राखेको बोर्डको विज्ञापन कर लाग्ने छैन ।

अनुसूची १०

जडीबुटी, कवाडी र जीवजन्तु कर

१. काठका मुढा प्रति क्युविक मिटर

| क्र.सं. | विवरण | दर (प्रति क्युविक मिटर) |
|---|---|---|
| १ | सखुवा/खयर | रू.२०। |
| २ | चिलाउने/उत्तीस/सल्लो/ओखर | रू.१०। |
| ३ | अन्य काठ | रू.५। |
| ४ | बाँस (कन्टेनर) | रू.१०००। |
| | बाँस (ट्याकटर) | रू.५००। |

*नोटः* वनलाई करको दायरामा ल्याई नियम कानून बमोजिम शुल्क उठाइनेछ।
वन उत्पादन र जडीबुटी कवाडी र जीवजन्तु कर सम्भाव्यता अध्ययन गरी दर निर्धारण गरी लागु गर्ने । नेपाल सरकारले प्रतिबन्ध गरेका काठ तथा वन्य जडीबुटीहरु ओसारपसार गर्न पाईनेछैन ।

अनुसूची ११

सवारी साधन

| क्र.सं. | शीर्षक | | विवरण (सवारी साधान कर ) | दर्ता शुल्क दस्तुर (वार्षिक) |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | | हेवी ट्रक, टिप्पर लगायतका हेब्वी सवारी साधन | रू.२०००। |
| | | | डोजर | रू.१००००। |
| | | | ट्याक्टर | रू.५००। |
| | | | भाडाका कार जीप, टाटा सुमो | रू.१०००। |
| | | | जे.सि.बी | रू.५०००। |
| | | | बस | रू.२०००। |
| | | | स्कुटर मोटरसाईकल, लगायतका २ पाङ्ग्रे सवारी साधन | रू.५००। |
| | सामान उत्खनन् | | | |
| | | | टिप्परमा ढुङ्गा गिट्टी, बालुवा, ओसारेमा | रू.२०००। |

| | | | | |
|---|---|---|---|---|
| | ढुवानी कर(प्रति ट्रिप) | | हेबी ट्रकमा ढुङ्गा गिट्टी, बलुवा, ओसारेमा | रू.१८००। |
| | | | ट्याक्टरमा ढुङ्गा, गिट्टी, बालुवा, ओसारेमा | रू.७००। |
| | | | | |
| | विशेष सवारी कर( ओहोर दोहोरको) | | हेबी ट्रक ,टिप्पर, ट्याक्टर, एक्जाभेटर | रू.२००। |
| | | | बस | रू.१००। |
| | | | भाडाका कार जीप टाटासुमो | रू.५०। |
| | | | निजि ४ पाङ्ग्रे सवारी साधान | रू.५०। |
| | | | घुमन्ते व्यापारी सवारी साधन | रू.५००। |

अनुसूची १२

मनोरञ्जन कर

| क.सं. | विवरण | | शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर (मेलामा लगाई कर) | ठूला पसल | रू.२००। | |
| | | साना पसल | रू.१००। | |
| | | ठूला होटल | रू.५००। | |
| | | साना होटल | रू.२००। | |
| | | मनोञ्जन, खेलकुद, चटक, फिल्म | रू.२००। | |

अनुसूची १३

पशु स्वास्थ्य परीक्षण (क्वारेन्टाईन) शुल्क

| क.सं. | विवरण | प्रति गोटा शुल्क | कैफियत |
|---|---|---|---|
| १ | भैंसी/ राँगा | रू.१००। | |
| २ | गाई/गोरु | रू.५०। | |
| ३ | बोका/बाखा/सुँगुर | रू.३०। | |
| ४ | पंक्षी जन्य | रू.१०। | |

अनुसूची १४

| क.सं. | शीर्षक | विषय | दस्तुर शुल्क |
|---|---|---|---|
| १ | सेवा शुल्क दस्तुर | निवेदन दस्तुर | रू.१०। |
| | | नागरिकता सिफारिस फाराम दस्तुर/ नावालक परिचयपत्र समेत | रू.१००। |
| | | नागरिकता प्रतिलिपि सिफारिस फाराम दस्तुर/ नावालक परिचयपत्र समेत | रू.२००। |
| | | अङ्गिकृत नागरिकता सिफारिस फाराम | रू.१०००। |
| | | सामान्य सिफारिस | रू.१००। |
| | | सामाजिक सुरक्षा भत्ता सिफारिस | निःशुल्क |
| | | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने | रू.१००। |
| | | सर्जमिन मुचुल्का | रू.५००। |
| | | नाता, जन्म प्रमाणित (English) | रू.५००। |
| | | नाता प्रमाणित सिफारिस | रू.२००। |
| | | खानेपानी विद्युत टेलिफोन जडान सिफारिस (आवासिय) | रू. ००। |
| | | खानेपानी विद्युत टेलिफोन जडान सिफारिस (व्यवसायिक) | रू.३००। |

| | | | | |
|---|---|---|---|---|
| | | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क (पञ्जीकरण समेत, ३५ दिनभित्र निशुल्क)३५ दिन नाघेको दर्ता शुल्क | | रू.२००। |
| | | व्यक्तिगत घटना दर्ता (पञ्जीकरण समेत) प्रतिलिपी दस्तुर | | रू.५००। |
| | | ठेगाना परिवर्तन प्रमाणित | | रू. २०० |
| | | जग्गा नामसारी रजिष्ट्रेशन, दाखिला खारेज, सिफारिस | | रू.२००। |
| | | खानी दर्ता सिफारिस | | रू.५०००। |
| | | खानेपानी मुहान दर्ता सिफारिस | | रू.५००। |
| | | सिंचाई मुहान दर्ता सिफारिस | | रू.५००। |
| | | स्थानीय समुह दर्ता दस्तुर | | रू. ५००। |
| | | स्थानीय समुह नवीकरण दर्ता दस्तुर | | रू. ३००। |
| | | चार किल्ला प्रमाणित दस्तुर | | रू.२००। |
| | | घर बाटो प्रमाणित सिफारिस दस्तुर | | रू.३००। |
| | | जग्गा सम्बन्धी –अंशबण्डा नामसारी (३ पुस्ता भित्रको) | | रू.२००। |
| | | जग्गा सम्बन्धी –अंशबण्डा नामसारी (३ पुस्ता बढिको) | | रू.५००। |
| | | घर पाताल/घर कायम सिफारिस दस्तुर | | रू.५००। |
| | | न्यायिक समिती निवेदन दस्तुर | | रू.२००। |
| | | शिक्षक कर्मचारी सरुवा सहमती दस्तुर | | रू.१५००। |
| | | संथागत समुह तथा सहकारीका लागि सामान्य सिफारिस | | रू.५००। |
| | | अस्थायी बसोवास प्रमाणित | | रू. ५००। |
| | | जग्गा दर्ता सिफारिस (प्रति रोपनी ) | | रू.१०००। |
| | | पुर्जा हराएको सिफारिस, रसिद प्रतिलिपी दस्तुर | | रू.१००। |
| | | विद्यालय सञ्चालन/कक्षा बृद्धि सिफारिस | | रू.३०००। |
| | | योजना सम्झौता सिफारिस ( प्रति लाखको ) | | रू.१००। |
| | | व्यक्तिगत संरक्षक सिफारिस | | रू.१००। |
| | | जन्म मिति/विवाह/मृत्यु, बसाईंसराई प्रमाणित दस्तुर | | रू.३००। |
| | | हकवाला प्रमाणित | | रू.२००। |
| | | दरपिठ ( सक्कल प्रमाणमा गरिने ) दस्तुर | | रू.२००। |
| | | लेनदेन (नगदि, जिन्सि वा अन्य) लिखत प्रमाणित दस्तुर | रु १ लाख सम्म बिगो/लिखत | रू.१००। |
| | | | रु ५लाख सम्म बिगो/लिखत | रू.२००। |
| | | | १० लाख सम्म बिगो/लिखत | रू.५००। |
| | | | १०लाख माथि जतिसुकै बिगो | रू.१०००। |
| | | नक्सा पास नयाँ (RCC) किताब | | रू.१०००। |
| | | पुरानो घर अभिलेखिकरण किताब | | रू.५००। |

सामान्य सिफारिस शुल्क तथा दस्तुरहरु गाउँ पाश्वचित्र आवधिक योजना वार्षिक योजना जस्ता प्रकाशित पुस्तिका खरिद प्रकाशनको बेला मूल्य निर्धारण गरी सोही बमोजिम गरी लागु गरिने छ ।

अनुसूची १५

सम्पत्ति मुल्याङ्कन शुल्क

| क्र.सं. | विवरण | | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा मुल्याङ्कन सिफारिस | १० लाख सम्म | रू.५००। | विद्यार्थी अध्यनको हकमा ५०% कम हुनेछ। तर रू.५००/- भन्दा कम हुने छैन। |
| | | १० लाख माथी ५० लाख सम्म | रू.१०००। | |
| | | ५० लाख माथि १ करोड सम्म | रू.२०००। | |
| | | १ करोड माथि | रू.५०००। | |
| २ | | कर चुक्ता सिफारिस | रू.५००। | |
| ३ | आम्दानी प्रमाणित | नियमित कर चुक्ता भएको हकमा (प्रति पाँच लाख) | रू.१०००। | |
| | | स्वघोषणा प्रमाणित दस्तुर (वन पैदावर (काठ/मुडा समेत), तथा कृषिजन्य वस्तुको वार्षिक आम्दानी ) | क) वार्षिक आय २० लाख सम्म स्वघोषणा रकमको प्रमाणित दस्तुर ०.५ प्रतिशत<br>ख) वार्षिक आय २० लाख माथि स्वघोषणा रकमको थप रकम माप्रमाणित दस्तुर १ प्रतिशत | |

*नोट:* वैदेशिक अध्ययनको लागि विदेशी विश्वविद्यालयमा अध्ययनको लागि एकपटकको सिफारिसको लागी ऐन अनुसारको पूर्ण शुल्क लाग्नेछ। तर एक वर्षभित्र पटक पटक एउटै कन्सलटेन्टबाट एउटै देशको सोही विश्वविद्यालयमा अध्ययनको लागि सिफारिस बनाउँदा रू.५००। लाग्ने छ।

अनुसूची १६

ठेक्का पट्टा सिफारिस दस्तुर

| | | | | |
|---|---|---|---|---|
| ठेक्का पट्टा सिफरिस | | रु २० लाख सम्मको | रू.१०००। | |
| | | रु ५० लाख सम्मको | रू.२०००। | |
| | | ५० लाख भन्दा वढी | रू.५०००। | |

अनुसूची १७

घर नक्सा पास सम्बन्धी

| **१.क ख र ग वर्गका भवनहरुको लागि गाउँपालिकाले लिने दस्तुर** | | | | |
|---|---|---|---|---|
| **भवनको किसिम** | **प्रयोजन (प्रति वर्ग फिट)** | | | |
| | **आवासीय** | **औद्योगिक व्यापारिक भवन** | **सहकारी** | **संस्थागत** |
| क वर्गका भवनहरु | रू.८। | रू.१२। | रू.१२। | रू.१०। |
| ख वर्गका भवनहरु | रू.६। | रू.१०। | रू.१०। | रू.८। |
| ग वर्गका भवनहरु | रू.४। | रू.८। | रू.८। | रू.६। |

| **२.घ वर्गका भवनहरुको लागि गाउँपालिकाले लिने दस्तुर** | | | | |
|---|---|---|---|---|
| भवनको किसिम | प्रयोजन प्रयोजन (प्रति वर्ग फिट) | | | |
| | आवासीय | औद्योगिक व्यापारिक भवन | सहकारी | संस्थागत |
| घ वर्गका भवनहरु | रू.२। | रू.३। | रू.३। | रू.५। |

| ३. विनियम लागु हुनु अघि निर्माण सम्पन्न भईसकेका भवनहरुको यथास्थिती अभिलेखिकरण नक्सापास दस्तुर (भवन आचार संहिता, २०५५ अनुसार वर्गीकृत भवनहरुको आधारमा) | | | | |
|---|---|---|---|---|
| **भवनको किसिम** | **प्रयोजन प्रयोजन (प्रति वर्ग फिट)** | | | |
| | **आवासीय** | | **आवासीय** | |
| क वर्गका भवनहरु | रू.६। | रू.१०। | रू.१०। | रू.८। |
| ख वर्गका भवनहरु | रू.४। | रू.८। | रू.८। | रू.६। |
| ग वर्गका भवनहरु | रू.२। | रू.६। | रू.६। | रू.४। |
| घ वर्गका भवनहरु | रू.२। | रू.३। | रू.३। | रू.४। |

अनुसूची १८

१. पालिकाबाट दिएका थप सेवा सम्बन्धी दरहरु (अस्पताल)

क) ल्याव सम्बन्धी

| S.N. | Test Name | Rate | | S.N. | Test Name | Rate |
|---|---|---|---|---|---|---|
| 1 | Haemoglobin | 60 | | 24 | S. Uric acid | Rs. 160/- |
| 2 | Total Count | 60 | | 25 | S.Bilirubin | Rs. 160/- |
| 3 | Differential Count | 60 | | 26 | Semen Analysis | Rs. 200/- |
| 4 | ESR | 60 | | 27 | Urine R/E | Rs. 60/- |
| 5 | Platelets Gount | 60 | | 28 | Stool R/E | Rs. 60/- |
| 6 | RBC Count | 60 | | 29 | Occult Blood Test | Rs. 150/- |
| 7 | PCV | 60 | | 30 | Montux Test | Rs. 100/- |
| 8 | CRP | 250 | | 31 | WIDAL Test | Rs. 100/- |
| 9 | Blood Group | 60 | | 32 | Sperm AFB | free |
| 10 | MP/MF Slide | 200 | | 33 | H.Pylori Test | Rs. 360/- |
| 11 | BT | 60 | | 34 | LFT | Rs. 900/- |
| 12 | CT | 60 | | 35 | Ast/Alt | Rs. 250/- |

| S.N. | Test Name | Rate | | S.N. | Test Name | Rate |
|---|---|---|---|---|---|---|
| 13 | PT | 60 | | 36 | ALP | Rs. 300/- |
| 14 | RA factor | 200 | | 37 | S.Albumin | Rs. 200/- |
| 15 | ASO Titre | 200 | | 38 | Lipid Profile | Rs. 800/- |
| 16 | Hbsag | 360 | | 39 | LDL | Rs. 250/- |
| 17 | HIV | 360 | | 40 | VLDL | Rs. 250/- |
| 18 | HCV | 360 | | 41 | HDL | Rs. 250/- |
| 19 | Vdrl | 100 | | 42 | Total Cholesterol | Rs. 250/- |
| 20 | Blood Sugar R | 100 | | 43 | TG | Rs. 250/- |
| 21 | Blood Sugar F/PP | 150 | | 44 | UPT | Rs. 100/- |
| 22 | Urea | 160 | | 45 | T. Protein | Rs. 250/- |
| 23 | S. Creatinine | 160 | | | | |
| (ख) **Video X-Ray** | | | | | | |
| १ | Whole Abdomen | 800 | | २ | Other Parts | Rs. 1000/- |
| ३ | Pregnancy | 400 | | | | |
| गर्भवती जाँच (ANC) निःशूल्क हुनेछ । | | | | | | |
| (ग) **X-Ray** | | | | | | |
| 1 | Chest | 200 | | 2 | Other Parts | Rs. 300/- |

२. पालिकाबाट दिएका थप सेवा सम्बन्धी दरहरु (अन्य सेवा)

| | | | | |
|---|---|---|---|---|
| १ | पालिकाको ब्यक हो लोडर | रू.२७००। | प्रति घण्टा | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागि । |
| | | रू.३०००। | प्रति घण्टा | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागि । |
| | | रू.१५००। | प्रति घण्टा | ईन्धन बाहेक पालिकाको वार्षिक योजनाका लागि । |
| | | रू.१८००। | प्रति घण्टा | ईन्धन बाहेक अन्य योजना वा व्यक्तिका लागि |
| २ | ट्याक्टर | रू.८०००। | प्रति दिन | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागि । |
| | | रू.८५००। | प्रति दिन | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागि । |
| | | रू.८००। | प्रति घण्टा | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागि। |
| | | रू.९००। | प्रति घण्टा | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागि । |

लोडर चालकलाई प्रति घण्टा रू.१००। उपभोक्ता स्वयंले व्यहोर्नु पर्ने छ ।

सामान लोड अनलोड ग्राहक स्वयंले व्यवस्था गर्नुपर्ने छ ।

लामो समयका लागि भाडामा लिन दिन कार्यपालिकाबाट स्विकृत दररेट मा सम्झौता गरी भाडामा प्रयोग गर्न दिन सकिने छ ।

## अनुसूची १९

दण्ड जरिवाना

| **क्र.सं.** | **विवरण** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| १ | गाउँपालिका घोषणा हुनुपूर्व बनेका संरचनाको हकमा नक्सा पास सम्बन्धी | ५० प्रतिशत | |
| २ | नक्सा पास नगरी चर लेबलसम्म भौतिक संरचना निर्माण गरेमा | ३० प्रतिशत | (थप जरिवाना) |
| ३ | नक्सा पास नगरी चरभन्दा माथिसम्म भौतिक संरचना निर्माण गरेमा | ६० प्रतिशत | (थप जरिवाना) |
| ४ | नक्सा पास नगरी घर तथा भौतिक निर्माणसम्पन्न गरेमा | १०० प्रतिशत | (थप जरिवाना) |
| ५ | निश्चित तल्ला वा निश्चित डिजाइनको अनुमति लिई सो भन्दा बढी वा | ७० प्रतिशत | (थप जरिवाना) |

| | | | |
|---|---|---|---|
| | फरक घर निर्माण गरेमा | | |
| ६ | घर निर्माण गर्दा सडकमा जथाभावी निर्माण सामाग्री थुपार्नेको हकमा | १००० देखि १५००० सम्म | |
| ७ | निषेधित क्षेत्रमा फोहोर फाल्नेको हकमा | १००० देखि १५००० सम्म | |
| ८ | निषेधित क्षेत्रमा प्लाष्टिकका फोहोर फाल्नेको हकमा | १००० देखि १५००० सम्म | |
| ९ | जथाभावी चौपाय छोड्नेको हकमा | प्रति दिन १०० देखि ५०० सम्म | |
| १० | व्यावसायको हकमा | १० प्रतिशत | |
| ११ | सार्वजनिक सडकमा लकडी लगायत अन्य सामाग्री राखेमा | २०००। प्रत्येक पटक | |
| १२ | कानूनले निषेध गरिएको कार्य गरेमा | तोकिएको रकमको १००% थप रकम | |

घर नक्साको हकमा दण्ड जरिवाना कायम गर्दा निरीक्षणमा भएको कर्मचारीको रोहवरमा नक्सा तयार गर्ने कन्सल्टेन्सीलाई साक्षी राखी घरधनीको समेत सहभागितामा गाउँपालिका कर्मचारीले उठाएको टिप्पणीमा तीन पक्षीय हस्ताक्षरको साथै कम्तीमा एकातर्फको संधियारले हस्ताक्षर गर्ने ।

प्रतिवेदक राजश्व परामर्श समिति रावा बेसी गाउँपालिका

**निष्कर्ष**

माथि उल्लेखित करका सम्भावित क्षेत्रहरूमा उपरोक्त करका दरहरु लागु गर्दा आगामी आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकामा रू.४५,५०,०००।- (अक्षेरुपी पैतालिस लाख पचास हजार मात्र) राजश्व संकलन हुने प्रक्षेपण गरिएको छ।

**सुझाव**

गाउँपालिकाको स्थानीय आय वृद्धि गर्ने मुख्य स्रोतको रुपमा कर, दस्तुर तथा सेवा शुल्क नै रहेका हुन्छन्। यस गाउँपालिकाको आय वृद्धि गर्न तथा राजश्वको परिचालन वृद्धि गर्नका लागि देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ।

(क) निर्धारित राजश्वका दायराभित्र सम्बन्धीत सबै पक्षलाई ल्याउन कार्यापालिकाले विशेष भूमिका खेल्नुपर्ने,
(ख) लक्ष्य अनुरुप राजश्व संकलन गर्नका लागि तुरुन्तै आवश्यक व्यवस्था गरी राजश्व संकलन गर्नु पर्ने,
(ग) राजश्वका थप क्षेत्रहरु पहिचान गर्न सम्भाव्यता अध्ययन गर्नुपर्ने,
(घ) प्रत्येक वर्षको साउन महिनाभित्र सबै पक्षलाई करको दायराभित्र ल्याइ सक्नुपर्ने,
(ङ) राजश्व चुहावटलाई नियन्त्रण गर्ने तथा कर प्रशासनलाई व्यवस्थित गर्दै कडाइका साथ कार्यान्वयन गर्नुपर्ने।

प्रमाणिकरण मितिः २०८०/०३/०८

# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरमटार, कुभिण्डे, खोटाङ

## रावा बेसी गाउँपालिकाको विनियोजन ऐन, २०८०

रावा वेसी गाउँपालिका, खोटाङ को आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजनगर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

*सभाबाट स्वीकृत मिति : २०८०/०३/१०*

**प्रस्तावना :** रावा बेसी गाउँपालिका, खोटाङ २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रावा बेसी गाउँपालिका, खोटाङको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रावा बेसी गाउँपालिका, खोटाङको विनियोजन ऐन," रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**
(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३७,३४,११,३००.०० (अक्षेरुपी रुपैयाँ सैतिस करोड चौतिस लाख एघार हजार तिन सय मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त रावा बेसी गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

# ३.५ रावा बेसी गाउँपालिकाको फोटो ग्यालरी



तेहौं गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै गा.पा. अध्यक्ष



दीप प्रज्वलन गर्नुहुँदै गा.पा. अध्यक्ष, उपाध्यक्ष




तेहौं गाउँसभाका झलकहरु






तेह्रौ गाउँसभा पश्चात जनप्रतिनिधि तथा कर्मचारीहरुको सामुहित तस्वीर



ॐकारेश्वर मन्दीर, डुम्रेधारापानी




रावा बेसी गाउँपालिकाको प्रशासनिक भवन



रावा खोला फाँट



साङ्गे लोसाङ् छोलिङ तामाङ गुम्बा, डुम्रेधारापानी



लामिडाँडा विमानस्थल



नवनिर्मित गाउँपालिका सभाहल तथा गाउँ अस्पताल



प्रिमाकोटगढी, हौंचुर



रभुवा स्थित दुधकोशी र ठोट्नेखोलाको संगम




प्रस्तावित रावा बेसी गाउँपालिकाको प्रशासनिक भवन



कालिका देविस्थान डुम्रेधारापानी



जुडी महादेवस्थान, हौंचुर




प्रस्तावित प्रिमाकोटगढी, हौंचुर



साङ्गे छयोइलिङ गुम्बा गोपीनी, कुभिण्डे



प्रस्तावित कालिका देविस्थान मन्दीर, डुम्रेधारापानी